15 See K. Drzewicki, 'The Right to work and Rights in work', A.sbjorn Eide, Catarina Krause and Allan Rosas eds. Economic, Social and Cultural Rights: A Text Book, Second Revised Edition, Kluwer Law International: The Hague; M. Nowak, "The Right to Education', Asbjorn Eide, Catarina Krause and Allan Rosas eds. Economic, Social and Cultural Rights: A Text Book, Second Revised Edition, Kluwer Law International: The Hague, 2001; Asbjorn Eide & Allan Rosas, Economic, Social and Cultural Rights: A Universal Challenge, in Asbjorn Eide et al. (eds.), *Economic, Social and Cultural Rights*, 2nd ed. (Kluwer Law International: The Hague, 2001), pp. 3-8; Asbjorn Eide, Economic, Social and Cultural Rights as Human Rights, in Asbjorn Eide et al. eds., *Economic, Social and Cultural Rights: A Text Book*, 2nd , (Kluwer Law International: The Hague), pp. 9-28; A. Rosas, 'The Right to Development', in Asbjorn Eide et al. eds., *Economic, Social and Cultural Rights: A Text Book*, 2nd , (Kluwer Law International: The Hague), pp. 119-132; Oliver De Schutter, 'Introducation', in Oliver De Schutter (ed.), *Economic, Social and Cultural Rights as Human Rights*, (UK and USA: An Elgar Research Collection, 2013), pp. xiii-lxi.

16 World Conference on Human Rights: Vienna Declaration and Programme of Action, UN doc. A/CONF. 157/23, Part I, 1993.
17 World Conference on Human Rights: Vienna Declaration and Programme of Action, UN doc. A/CONF. 157/23, Part I, 1993, para 5. See also Martin Scheinin, Economic, Social and Cultural Rights as Legal Rights, in Asbjorn Eide, Catarina Krause and Allan Rosas eds. Economic, Social and Cultural Rights: A Text Book, 2nd ed., (Kluwar Law International: The Hague, 2001), pp. 29-54.

राष्ट्रिय मानव अधिकार आयोग, नेपाल ५८

समानताको अधारमा लागू हुन्छन्[18] ।

२.२. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान, संरक्षण र पूरा गर्ने दायित्व

नर्वेजियन विद्वान एसवर्न इडी,तथा मानव अधिकारकर्मी, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई महत्त्वपूर्ण स्थान दिने मध्येका एक हुन् । उनी आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकारलाई व्याख्या गर्ने क्रममा यी अधिकार कार्यान्वयनका लागि तीनवटा महत्त्वपूर्ण पक्षका बारेमा उजागर गर्ने पहिलो व्यक्तिका रूपमा चिनिन्छन् । यी अधिकारका तीन महत्त्वपूर्ण पक्षहरू अन्तर्गत व्यक्तिका अधिकारको सम्मान, संरक्षण गर्ने र कार्यान्वयन गर्ने दायित्व (Obligation to Respect, Obligation to Protect and Obligation to fulfil) पर्दछन्[19]। कसैले यस सिद्धान्तको विकास गर्ने श्रेय हेनरी सीउलाई पनि दिइएको पाइन्छ । जुन सयुक्त राज्य अमेरिकाको विदेश नीतिका सम्बन्धमा लेख्नु भएको किताबबाट प्रष्ट हुन्छ[20]।

इडीले यी अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र पूरा गर्ने पहिलो दायित्व राज्यको हुन्छ भनी उल्लेख गरेको पाइन्छ । राज्यले व्यक्तिको आर्थिक, सामाजिक, तथा साँस्कृतिक अधिकारको सम्मान गर्न सक्नुपर्दछ । अर्थात व्यक्तिका हक,अधिकारमाथि राज्यले कुनै किसिमले हस्तक्षेप गर्नु हुँदैन जस्तै स्वतन्त्र रूपले जागीर गर्न पाउनु, सम्पत्ति राख्न पाउनु र त्यसको उपभोग गर्न पाउनु पनि हो[21]।

व्यक्तिको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई सुरक्षा प्रदान गर्नु राज्यको दोस्रो दायित्व हो । अर्थात यी अधिकारहरू यदि तेस्रो व्यक्तिबाट हनन् भएको छ वा हनन् हुने अवस्थामा छ भने त्यसबाट सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । जस्तैं कसैको घरमा कुनै व्यक्ति अनाधिकृत रूपमा प्रवेश गरेमा वा गर्ने अवस्थामा त्यस्तो व्यक्तिलाई सुरक्षा प्रदान गर्नु र कुनै किसिमको क्षति भएको छ भने क्षतिपूर्ति भराई दिनु, मजदूरलाई उसको मालिकबाट जागीरको सुरक्षा प्रदान गर्नु पर्ने जस्ता कर्तव्य राज्यको हो[22]। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार पूरा गर्न वा गराउनको लागि भूमिका खेल्नु राज्यको तेस्रो दायित्व हो । यी अधिकार पूरा गर्न गराउनका लागि राज्यले दुई किसिमले भूमिका खेल्न सक्छ । पहिलो, यी अधिकार पूरा गर्न गराउनका लागि अग्रसर हुनु (To facilitate), अर्थात स्वतःस्फूर्त रुपमा चाहिने कानूनहरू बनाएर यी अधिकारहरू कार्यान्वयन गर्ने गराउने तर्फ भूमिका खेल्नु पनि हो[23]। दोस्रो यी अधिकारमा केही खास वर्ग वा समुदाय विशेषका मानिसहरूको पहुँच सजिलो होस् भन्नका लागि उनीहरूका लागि विशेष किसिमका राहत वा सुविधा प्रदान गर्न (To Provide) विशेष कानूनको व्यवस्था

18 See Asbjorn Eide & Allan Rosas, Economic, Social and Cultural Rights: A Universal Challenge, in Asbjorn Eide et al. (eds.), *Economic, Social and Cultural Rights*, 2nd ed. (Kluwer Law International: The Hague, 2001), pp. 3-8.

19 Asbjorn Eide, Economic, Social and Cultural Rights as Human Rights, in Asbjorn Eide et al. eds., *Economic, Social and Cultural Rights: A Text Book*, 2nd ed., (Kluwer Law International: The Hague), pp. 23-28.

20 Henry Shue, *Basic Rights: Subsistence, Affluence, and US Foreign Policy* (Princeton: Princeton University Press, 1980).

21 Committee on Economic, Social and Cultural Rights, General Comment No. 12 (1999), para. 15. Report of the Committee on Economic, Social and Cultural Rights, UN doc. E/2000/22, pp. 102-110. See also Asbjorn Eide, Economic, Social and Cultural Rights as Human Rights, in Asbjorn Eide et al. eds., *Economic, Social and Cultural Rights: A Text Book*, 2nd ed., (Kluwer Law International: The Hague), pp. 23-28.

22 उही नोट नं. २१

23 उही नोट नं. २१ र हेर्नुहोस, धारा ४७, नेपालको संविधान

गर्नु[24] जस्तैं किसानलाई सस्तो दरमा मल वितरण गराउनु, माध्यमिक विद्यालय तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नु गराउनु, घर बनाउन सस्तो दरमा ऋण उपलब्ध गराउनु, आदिवासी जनजाति, महिलाका लागि सरकारी जागीरमा उमेरमा छुट दिनु, महिला, बालबालिका र दलित समुदायलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु, भोकमरी वा खाद्यान्न अभाव भएको ठाउँमा खाद्यान्न वितरण गर्नु, महामारी फैलिएको क्षेत्रमा निःशुल्क औषधिको वितरण गर्नु आदि[25]।

२.३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारः नीतिगत वा न्यायिक

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्बन्धमा मुख्य गरी उठाइएका प्रश्न के हो भने यी अधिकारको निरूपण नीतिगत तवरबाट मात्रै गर्न सकिन्छ । यसलाई न्यायिक निरूपणको विषय बनाइनु हुँदैन । नीतिगत निरुपण भनेको कुनै पनि समस्यालाई राजनीतिक तवरबाट समाधान गर्नु हो भने न्यायको रोहबाट कुनै पनि समस्याको समधान गर्नु भनेको न्यायिक निरूपण हो । नीति निर्माण गर्ने मुख्य निकाय जनताबाट निर्वाचित जनप्रतिनिधि हो । देशका जनताका लागि कस्ता खाले नीति नियम चाहिने हो त्यो जनप्रतिनिधिलाई मात्र थाहा हुन्छ र त्यसको कार्यान्वयन गर्ने काम मात्र न्यायिक निकायको हो । एकले अर्काको क्षेत्राधिकारमा हस्तक्षेप गर्नु हुदैन । यो बढी प्रजातन्त्रिक पनि हुन्छ र कार्यान्वयन गर्न सजिलो पनि हुन्छ[26]।

के पनि भन्ने गरिएको छ भने यदि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको निरूपण न्यायिक रोहबाट गर्ने उद्धेश्य भएको भए आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय अनुबन्ध १९६६ (पहिलो अनुवन्ध) को धारा २ (१) र नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय अनुबन्ध १९६६ (दोस्रो अनुवन्ध)को धारा २ (१) को प्रावधान एउटै हुने थियो । यी फरक फरक कानूनी व्यवस्था गर्नुको पछाडिको कारण के हो? जबकी यि दुबै अनुबन्धहरूको धारा १ मा समान किसिमका व्यवस्था छ । पहिलो अनुबन्धको धारा २ (१) को व्यवस्था यस प्रकार रहेको छः

Each State Party to the present Covenant undertakes to take steps, individually and through international assistance and co-operation, especially economic and technical, to the maximum of its available resources, with a view to achieving progressively the full realization of the rights recognized in the present Covenant by all appropriate means, including the adoption of legislative measures.

दोस्रो अनुबन्धको धारा २ (१) को व्यवस्था यस प्रकार रहेको छः

Each State Party to the present Covenant undertakes to respect and to ensure all individ-

24 उही नोट नं. २१ र . हेर्नुहोस, धाराहरू २१, ३८, ३९, ४०, ४१ र ४२, नेपालको संविधान

25 उही नोट नं. २१

26 See E. W. Vierdag, 'The Legal Nature of the Rights Granted by the International Covenant on Economic, Social and Cultural Rights', in *Netherlands Yearbook of International Law* (1978), Volume 9, The Hague, The Netherlands: T.M.C. Asser Institute, pp. 69-105; Matthew C.R. Craven, 'The Domestic Application of the International Covenant on Economic, Social and Cultural Rights', *Netherlands International Law Review* (1993), XL (3), pp. 367-404; Malcolm Langford, 'Domestic Adjudication and Economic, Social and Cultural Rights: A Socio-Legal Review', *Sur-International Journal of Human Rights* (2009), 6 (11), December, pp. 91-120; David Landau, The Reality of Social Rights Enforcement', *Harvard International Law Journal* (2012), 53 (1), Winter, pp. 189-247.

uals within its territory and subject to its jurisdiction the rights recognized in the present Covenant, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.

अर्थात पहिलो अनुबन्धको मनसाय पक्ष राष्ट्रले आफ्नो विवेक र उपलब्ध स्रोत र साधनका आधारमा कार्यान्वयन गर्दै जाने अवस्था देखिन्छ भने दोस्रो अनुबन्धको मनसाय पक्ष राष्ट्रले तत्कालै कार्यान्वयन गर्नु पर्ने अवस्था देखिन्छ । यस कसिमको अभिव्यक्ति र व्याख्या गर्नुको पछाडिको कारण के हो भने पहिलो अनुवन्धको प्रावधान प्रष्ट छैन र फरक फरक किसिमले अर्थ्याउन सकिने अवस्था छ । दोस्रो अनुवन्धले प्रयोग गरेको भाषा प्रष्ट र एकै खाले अर्थ दिने खालको छ । पहिलो अनुबन्धको सम्वन्धमा Philip Alston को भनाई विचारणीय देखिन्छ । जुन यस प्रकारको रहेको छ:

It is generally agreed that the major shortcoming of the existing international agreements for the promotion of respect for economic rights is the vagueness of many of the rights as formulated in the Covenant and the resulting lack in the clarity as to their normative implications[27].

त्यस्तै अर्को तर्क अनुगमनसँग सम्बन्धित देखिन्छ । के पनि भनिन्छ भने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ ले आफ्नो कार्यान्वयन पक्ष राष्ट्रले गरे नगरेको सम्वन्धमा अनुगमन गर्ने निकायको व्यवस्था नै गरेन जबकि नागारिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय अनुबन्धको धारा २८ मा अनुगमनको सम्वन्धमा व्यवस्था गरेको छ । पहिलो अनुवन्धको कार्यान्वयनको जिम्मा संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद्ले लिएको थियो र सन् १९८६ मा आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिको गठन भएपछि मात्रै अनुगमनको जिम्मा यस समितिले सम्हाल्यो । यो कानूनी निकाय (Treaty Body) होइन । यो राजनीतिक समिति मात्रै हो । त्यसैले यी दुवै समितिबीच तात्विक भिन्नता रहेको छ[28]तर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू नीतिगत अधिकार मात्रै हुन भन्ने तर्कसंग आर्थिक, सामाजिक तथा साँस्कृतिक समिति (अवदेखि 'समिति') सहमत छैन । उक्त समितिले आफ्नो (सामान्य टिप्पणी न..९) मा यस्ता तर्कहरूलाई स्वेच्छाचारी भनी उल्लेख गरेको पाइन्छ । यी तर्कहरू मानव अधिकारको मुख्य सिद्धान्तहरू अविभाज्य र अन्तरसम्वन्धितसँग मेल खादैन भनी उल्लेख गरेको पाइन्छ । उनका शब्दहरूमा:

The adoption of rigid classification of economic, social and cultural rights which puts them, by definition, beyond the reach of the courts would thus be arbitrary and incompatible with the principle that the two sets of human rights are indivisible and interdependent. It would also drastically curtail the capacity of the courts to protect

27 Philip Alston, 'No Right to Complain About Being Poor: The Need for an Optional Protocol to the Economic Rights Covenant', in A. Eide and J. Helgesen (eds.), *The Future of Human Rights Protection in a Changing World*, (1991), p. 79-100 at 86, who mentions Articles 6 to 9 of the ICESCR as a notable exception.

28 See Oliver De Schutter, 'Introducation', in Oliver De Schutter (ed.), *Economic, Social and Cultural Rights as Human Rights*, (UK and USA: An Elgar Research Collection, 2013), p xvi. तर २००८ को Optional Protocol of International Covenant on Economic, Social and Cultural Rights ले आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिलाई Individual Complaint लिने अधिकार दिइसकेको छ, जुन २०१३ देखि लागू पनि भइसकेको छ । त्यसैले यो समिति पनि Human Rights Committee जतिकै शक्तिशाली भएको छ ।

the rights of the most vulnerable and disadvantaged groups of the society.[29]

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार नीतिगत मात्रै हो । यसलाई अदालतभित्र उठाउनु हुँदैन वा यसलाई न्यायिक विषय बनाइनु हुँदैन भन्नुको पछाडिको अर्को तर्क के हो भने अदालतमा उक्त विषयहरूसँग सम्बन्धित विज्ञको कमी हुन्छ । जस्तै कस्तो किडनीका विरामीलाई निःशुल्क वा आपतकालीन सेवा उपलब्ध गराउने भन्ने कुरा नीतिगत कुरा हुन र यस किसिमका सेवाहरूका लागि विज्ञको धारणाको आवश्यकता पर्दछ । यदि सबै किसिमका किडनीका विरामीलाई निःशुल्क र आपतकालीन सेवा न्यायिक निकायको फैसलाहरूको माध्यमबाट उपलब्ध गराउन थाल्ने हो भने शिक्षा तथा आवास जस्ता अति आवश्यक सुविधाबाट राज्यका नागरिकहरू वञ्चित हुनु पर्ने अवस्था आउन सक्छ । त्यसैले यस किसिमका सेवाहरू विज्ञको राय, सल्लाह र सुझावबाट मात्रै उपलब्ध गराउनु पर्दछ तर यस्ता तर्कहरूको विपरीत साउथ अफ्रिका र भारतको सर्वोच्च अदालतहरूले आफ्ना विभिन्न फैसलाहरूको माध्यमबाट खण्डन गरिसकेको छ [30]। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको बारेमा निर्णय गर्नका लागि मात्रै विज्ञको आवश्यकता पर्दैन । नागरिक तथा राजनीतिक अधिकारको बारेमा निर्णय गर्नका लागि पनि विज्ञको धारणाको आवश्यकता पर्दछ[31]। जस्तैं कारागार निर्माणका लागि अदालतले आदेश दिँदा आर्थिक पक्ष र विज्ञता दुवैको आवश्यकता नपर्ने होइन । त्यस्तै स्वच्छ सुनुवाईका लागि निःशुल्क कानूनी सहायता, भाषा अनुवादक, बहिराको लागि सांकेतिक भाषाको व्यवस्था र अन्धाका लागि ब्रेल लिपि भएका अध्ययन सामग्रीको व्यवस्था गर्नका लागि अदालतले आदेश दिन्छ भने यस्ता आदेशहरू खाली नागरिक र राजनीतिक अधिकारसँग मात्रै सीमित रहँदैन । यसको सम्बन्ध आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसँग जोडिन पुग्छ । त्यसैले विज्ञको आवश्यकता दुवै

29 General Comment No. 9 (1998), para. 10. Report of the Committee on Economic, Social and Cultural Rights, UN Doc. E/1999/22.

30 Economic, social and cultural rights may also receive constitutional protection through an expansive interpretation of certain civil and political rights such as the right to life or security of the person. The best example of this type of protection can be found in Indian constitutional jurisprudence where the 'Directive Principles of State Policy' in Part IV of the Constitution have been interpreted to enlarge the scope of the Fundamental Rights' in Part III. The Indian Supreme Court has held that the Directive Principles are of essential importance in interpreting the content of fundamental rights. Thus the right not to be deprived of life in Article 21 has been interpreted to include the right to a livelihood (*Tellis & Others v. Bombay Municipal Corporation and others*, (1987) LRC (Const) 351 (the so-called 'pavement-dwellers' case). Articles 39 (a) and 41 oblige the state of direct its policy towards securing the right to an adequate means of livelihood and the right to work), the basic necessities of life such as adequate nutrition, clothing, reading facilities (*Francie Coralie Mullin v. The Administrator*, Union Territory of Delhi, (1981) 2 SCR 516 at 529), the rights to shelter (*Ahmedabad Municipal Corporation v. Nawab Khan Gulab Khan & Others*, (1997) AIR SC 152), health (*Paschim Banga Khet Mazdoot Samity v. State of West Bengal*, (1996) AIR SC 2426 (Right to emergency medical treatment), and education (*Jain v. State of Karnataka*, (1992) 3 SCC 666; *Krishan v. State of Andhra Pradesh & Other*, (1993) 4 LRC 234.

31 *Ex parte Chairperson of the Constitutional Assembly: In re Certification of the Republic of South Africa, 1996* 1996 (4) SA 744 (CC), 1996 (10) BCLR 1253 (CC), at paras. 76-78 (first certification judgment). Before the final Constitution (Act 108 of 1996) could come into effect, the Constitutional Court was required to certify that the text complied with a set of 34 'Constitutional Principles' appended to the interim Constitution (Schedule 4, Act 200 of 1993). These principles were wide-ranging and included a stipulation that the final Constitution protect 'all universally accepted fundamental rights, freedoms and civil liberties' by entrenched and justiciable provisions certification judgment. The Constitutional Court declined to certify the final Constitution in the first certification judgment. An amended text of the Constitution was certified on 4 December 1996. *Ex parte Chairperson of the Constitutional Assembly: In re Certification of the Republic of South Africa, 1996* 1997 (2) SA 97 (CC), 1997 (1) BCLR 1(CC) (second certification judgment). The 'final ' Constitution came into force on 4 February 1997.

पुस्ताका अधिकारका लागि आवश्यकता पर्दछ । त्यसैले कुन अधिकार नीतिगत र कुन अधिकार न्यायिक निरूपणका विषय हुन भन्ने कुरा निरपेक्ष नभई सापेक्षिक विषय हुन ।

२.४. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार कार्यान्वयनका लागि ठूलो धनराशीको आवश्यकता

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार कार्यान्वयनका लागि ठूलो धनराशीको आवश्यकता पर्दछ वा पर्दैन भन्ने विवादको पक्ष र विपक्षमा पनि उत्तिकै तर्कहरू अगाडि सारेको पाइन्छ । भनिन्छ यी अधिकारको कार्यान्वयन गर्न त्यति सजिलो छैन जति नागरिक तथा राजनीतिक अधिकारको कार्यान्वयन गर्न सजिलो छ । यसको पछाडिको पहिलो तर्क के हो भने नागरिक तथा राजनीतिक अधिकार कार्यान्वयन गर्न अर्थको आवश्यकता पर्दैन । खाली आवश्यक कानून निर्माण गरे पुग्छ तर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार कार्यान्वयन गर्न ठूलो धनराशीको आवश्यकता पर्दछ । के भनिन्छ भने खाने पानी, स्वास्थ्य, शिक्षा, आवास जस्ता कुराहरूको व्यवस्था गर्न ठूलो रकम नभईकन हुँदैन तर, यसको अर्थ यो होइन कि नागरिक तथा राजनीतिक अधिकारहरूको कार्यान्वयन गर्न धनको आवश्यकता नै पर्दैन । एउटा कारागार निर्माण गर्न कति रकमको आवश्यकता पर्दछ । फौजदारी न्याय प्रशासनलाई चुस्त र दुरूस्त पार्न कति रकम खर्च पर्दछ भन्ने जस्ता प्रश्नहरू पनि उत्तिकै विचारणीय रहेको देखिन्छ[32]।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सही ढङ्गले उपलब्ध नहुनुको पछाडिको कारण खाली धनको कमी वा राज्यको गरीबी मात्रै होइन । यसको पछाडिको कारण सही ढंगले नीति निर्माण नहुनु हो या त्यसको सही ढंगले कार्यान्वयन नहुनु पनि हो । यस सम्वन्धमा कयौं राष्ट्रहरूको उदाहरण दिन सकिन्छ जस्तैं चीन र भारतलाई लिन सकिन्छ । यी दुबै राष्ट्र आर्थिक रूपले फड्को मार्ने मध्येका हुन । धनको कमी छैन । तर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उल्लंघन गर्नेमा यिनीहरूको नाम अगाडि देखिन्छ । यी दुबै देशको सुरक्षा बजेट हरेक वर्ष बढदै गइरहेको छ । तर, बालबालिकाहरू शिक्षा पाउनबाट बञ्चित देखिन्छन् । यसका लागि राजनेताहरूको प्रतिबद्धताको पनि उत्तिकै आवश्यकता पर्दछ । यसमा उनीहरू पछाडि परेको देखिन्छ[33]।

राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को अनुसन्धान प्रतिवेदनबाट पनि के देखिन्छ भने यदि राज्यले लिएको आर्थिक नीति सही भएन भने यी अधिकारको कार्यान्वयन सही ढंगले हुन सक्दैन [34]।

त्यस्तै राज्यले लिएको कर नीति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । जस्तैं गुआटेमालाले अपनाएको कर नीतिको कारण धनीले कम कर तिर्नु पर्ने अवस्था रहेको पाइयो भने गरीबले बढी कर तिर्नु पर्ने कुरा एउटा अनुसन्धान प्रतिवेदनले देखाएको छ । यसकारण त्यहाँ एउटा यस्तो समूह पनि छ जसका घरै पिच्छे हेलिकप्टर रहेकोछ भने अर्को समूह यस्तो पनि छ जो अति आवश्यक सेवाबाट बञ्चित रहेका छन् । यस्तै अवस्था ब्राजिलको पनि रहेको यूएन प्रतिवेदकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ[35]।

32 हेर्नुहोस् यसै लेखको खण्ड २.३.

33 See Jean Dreze, 'Democracy and the Right to Food', in P. Altson & M. Robinson (eds.), *Human Rights and Development: Towards Mutual Reinforcement* (2005), p. 45; Myron Weiner, Child Labour in Developing Countries: The Indian Case, 2 *International Journal of Children's Rights,* 121 (1994).

34 See the UN Development Programme, Human Development Report (1994), p. 4.

35 See the Report of the Special Rapporteur on the right to food, Oliver De Schutter, Mission to Brazil, UN

आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिले पनि सामान्य टिप्पणी नं.३ मा राज्यले लिएको आर्थिक नीतिले यी अधिकार माथि ठूलो प्रभाव पार्ने सम्बन्धमा उल्लेख गरेको पाइन्छ । जस्तै राज्यले संविधान र कानूनको सही तरिकाले पालन गर्दैन भने भ्रष्टाचार र आर्थिक अनियमितता बढदै जान्छ र रकमको सही ठाउँमा सदुपयोग हुन पाउँदैन[36]। त्यसैले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको पहुँच बढाउन राज्यले लिएको आर्थिक नीतिले महत्त्वपूर्ण भूमिका खेल्छ ।

२.५. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र राज्यको दायित्व

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार कार्यान्वयन गर्ने दायित्व राज्यको प्रमुख दायित्व मध्येको एक हो । यी अधिकारलाई नीतिगत विषय वा साधन स्रोतको कमी देखाएर राज्यका नागरिकहरूको अधिकारलाई वञ्चित गर्न पाइदैन । खाली फरक के हो भने राज्य पिच्छे परिस्थितिहरू फरक फरक हुन सक्छन् । तर, यस दायित्वबाट राज्य पञ्छिन मिल्दैन[37]। त्यसैले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित अनुवन्ध १९६६ को पक्ष राष्ट्रले यी अधिकार जहिले ईच्छा लाग्छ उहिले कार्यान्वयन गर्छु, आवश्यक कानून नबनाई बस्छु वा यी अधिकार लागू गर्न राज्य बाधित छैन भनी बस्न पाउँदैन । यी अधिकारअन्तर्गत केही यस्ता अधिकार छन जुन स्वत: कार्यान्वयन हुने (Self-executing)अधिकारको रूपमा आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिले स्थापित गरेको छ । यी अधिकारअन्तर्गत महिला र पुरूषबीचको समानता, समान कामको लागि समान ज्याला र समान किसिमको व्यवहार ट्रेड युनियनको अधिकार, बालबालिका र युवकहरूका हकमा संरक्षण र सहयोगको लागि विशेष कानूनको व्यवस्था, अनिवार्य र नि:शुल्क शिक्षा, आफ्नो धर्म र स्वतन्त्रताको आधारमा शिक्षा रोज्न पाउने अधिकार, वैज्ञानिक, अनुसन्धानात्मक र सृजनात्मक गतिविधिका लागि स्वतन्त्रता जस्ता अधिकार पर्दछन । यसको साथै समितिले पक्ष राष्ट्रहरूलाई उसको दायित्वको बारेमा सजग पनि गराएको छ । उसकै शब्दहरूमा:

It is especially important to avoid any priori assumption that norms (in the ICESCR) should be considered to be non-self –executing. In fact, many of them are stated in terms which are at least as clear and specific as those in other human rights treaties, the provisions of which are regularly deemed by courts to be self-executing.[38]

Doc.A/HRC/13/33/Add.6 (16 Feb. 2009), para. 36; Rights or Privileges? Fiscal Commitment to the Rights to Health, Education and Food in Guatemala, Center for Economic and Social Rights and the Central American Institute for Fiscal Studies (2009).

36 Committee on Economic, Social and Cultural Rights, General Comment No. 3 (1990) UN doc. E/1991/23, Annex III. See also Asbjorn Eide, Economic, Social and Cultural Rights as Human Rights, in Asbjorn Eide et al. eds., *Economic, Social and Cultural Rights: A Text Book*, 2nd ed., (Kluwer Law International: The Hague, 2001), pp. 27-28.

37Articles 3, 7 (a) (i), 8, 10 (3), 13 (2) (a), (3) and (4) and 15 (3) of the International Covenant on Economic, Social and Cultural Rights. See General Comment No. 3, (1990) para. 9. Report of the Committee on Economic, Social and Cultural Rights, UN Doc. E/1991/23, pp. 83-87.

38 General Comment No. 9 (1998) on the domestic application of the International Covenant on Economic, Social and Cultural Rights, para. 11. Report of the Committee on Economic, Social and Cultural Rights, UN Doc. E/1999/22, pp. 117-121. हेर्नुहोस् फ्रान्सको संविधानक धारा ५५ र नेपाल सन्धि ऐन २०४७ को दफा ९ (१) र यसै लेखको खण्ड २.२ र २.३

३. नेपालको संविधानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

नेपालमा मानव अधिकारको विकास सन १९९० को दशकदेखि शुरू भएको पाइन्छ । यसमा नेपाल अधिराज्यको संविधान, २०४७ को ठूलो भूमिका रहेको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक मानव अधिकारका मूल्य र मान्यताहरूलाई सही रूपमा अँगीकार गरेको देखिन्छ । यस संविधानले अँगीकार गरेको मानव अधिकारको सिद्धान्तको आधारमा नै नेपाल त्यस पछिका दिनहरूमा विभिन्न मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष राष्ट्र बन्दै गएको पाइन्छ। जसअन्तर्गत वील अफ राइट्स[39] प्रमुख सन्धिहरू मध्येका एक हो । सन १९९० भन्दा पहिले नेपाल मानव अधिकारका नौ ठूला महासन्धिहरू [40] मध्ये एउटा सन्धिको[41] मात्र पक्ष राष्ट्र थियो । त्यस्तै मानव अधिकार र अन्तर्राष्ट्रिय कानूनहरूको महत्त्वलाई बुझ्दै नेपाल सरकारले नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) अर्न्तगत मानव अधिकार र अन्तर्राष्ट्रिय कानूनहरूलाई राष्ट्रिय कानूनभन्दा उपल्लो दर्जा दिएको छ । यस हिसाबले १९९० को आधा दशकलाई मानव अधिकारको 'स्वर्णिम युगको' रूपमा उल्लेख गर्न सकिन्छ । त्यसपछिका दिनहरूमा संविधानले लिएको उद्देश्य र त्यसको कार्यान्वयनमा कतै पनि तालमेल खाएको देखिएन । यी अधिकारहरूको कार्यान्वयनमा राज्यको खासै ध्यान गएको देखिएन । यस कारण आर्थिक, सामाजिक, तथा साँस्कृतिक अधिकार संस्थागत हुनै सकेन । राष्ट्रका नागरिकहरू संविधानका मुख्य धाराबाट अलग्गिन थाले । संविधानको फितलो कार्यान्वयनको कारण राज्यका नागरिकहरूलाई एकताको कडीमा बाध्नै सकेन । नागरिकहरूमा चरम सन्तुष्टि बढ्न थाल्यो । देशमा द्वन्द्वको अवस्थाको सिर्जना भयो र देश एक दशक लामो द्वन्द्व र विद्रोहमा फस्यो । यसले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था झन बिग्रिदै गयो । के सम्म पनि भन्ने गरेको पाइन्छ भने नेपालमा द्वन्द्वको प्रमुख कारण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको घोर उल्लंघन नै थियो[42]।

एक दशक लामो द्वन्द्व र विद्रोह पश्चात् नेपालका सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बाह्र बुँदे समझदारीपत्र र नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

39 Bill of Rights includes International Covenant on Civil and Political Rights 1966, International Covenant on Economic, Social and Cultural Rights 1966 and Optional Protocol of International Covenant on Civil and Political Rights.

40 Nepal has ratified seven core fundamental human rights laws out of nine. Those seven are: International Covenant on Civil and Political Rights, 1966; International Covenant on Economic, Social and Cultural Rights, 1966; Convention on the Elimination of All Forms of Discrimination against Women, 1979; Convention on the Rights of the Child, 1984; Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984; International Convention on the Elimination of All Forms of Racial Discrimination 1965; and Convention on the Rights of Persons with Disabilities, 2006.Those which have not been ratified are International Convention for the Protection of All Persons from Enforced Disappearance, 2006 and International Convention on the Protection of the Rights of Migrant Workers and Members of Their Families, 1990.

41 International Convention on the Elimination of All Forms of Racial Discrimination 1965 (Ratified by Nepal on 30 January 1971).

42 Kalyan Shrestha and Dr Anand Mohan Bhattarai, 'Role of Judiciary in the Enforcement of Economic, Social and Cultural Rights: Experience from Nepal', in Inke Boerefijn et al. eds., *Human Rights and Conflict*, (Cambridge: Intersentia, 2011). See also International IDEA, *Creating the New Constitution: A Guide for Nepali Citizens* (Stockholm: International IDEA, 2008), p. 100; and International IDEA, *Nepal in Transition: A Study on the State of Democracy* (Stockholm: International IDEA, 2008), p. 73-90; Vincent Calderhead, Enforceability of Economic, Social and Cultural Rights under the Draft Constitution, in Bipin Adhikari (ed.), *Nepal: Design Options for the New Constitution*, (Kathmandu: Nepal Constitution Foundation and Others, 2010), p. 297-305.

बीच भएको विस्तृत शान्ति सम्झौताले द्वन्द्वका प्रमुख कारणहरू मध्ये आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको घोर उल्लंघन पनि एक थियो भन्ने कुरालाई स्वीकार गरेको पाइन्छ[43]। यस सत्य तथ्यलाई स्वीकार गर्दै नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियो र नेपाल अधिराज्यको संविधान २०४७ लाई खारेज गरियो। अन्तरिम संविधान जारी भए पनि यस संविधानप्रति मधेशी जनताले चरम असन्तुष्टि जनाए र संविधानका प्रतिहरू पनि जलायो र सडक आन्दोलनमा गए[44]। उनीहरूको मागलाई सम्बोधन गर्न तत्कालीन गिरीजाप्रसाद कोइरालाको सरकार मधेशी आन्दोलनकारीसँग सम्झौता गरी संविधान संशोधन गर्न तयार भयो। केही हदसम्म संविधानमा संशोधन गरी समवेशी बनाउने काम पनि भयो र बाँकी सरोकारका कुरा संविधान सभाले नयाँ संविधान मार्फत संम्बोधन गर्ने आश्वासन पनि दिइयो तर मधेशी दलका नेताहरूले आफूहरूलाई दोस्रो संविधान सभाले[45]उपेक्षा गरेको र संविधान सभाबाट आफ्नो मागहरू सम्बोधन नहुने देखेपछि संविधान सभा बहिष्कार गरी सडकमा तेस्रो पटक आन्दोलन गर्न थाले[46]। संविधान सभाबाट जारी हुने संविधान अस्वीकार गर्ने भनी विरोध गरिरहे। यति हुँदा हुँदै पनि संविधान सभाबाट नेपालको संविधान, २०७२ साल आश्विन ३ गते जारी भयो।

नेपालको संविधानमा, पहिलेको संविधानहरूको[47]तुलनामा, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्वन्धमा भएका व्यवस्थाहरू पक्कै पनि बृहत र व्यापक रहेको छ। खासगरी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारमध्ये कतिपय अधिकार पहिलेका संविधानहरूमा निर्देशक सिद्धान्त र नीतिहरूअन्तर्गत व्यवस्थित थिए। भाग ३ मा मौलिक हकको रूपमा प्रमुख स्थान दिएको छ। यसले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको महत्त्वलाई जोड दिएको छ। नेपालको संविधानमा उल्लिखित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा सम्मानपूर्वक बाँच्न पाउने हक(धारा १६ (१)), स्वतन्त्रताको हक (धारा १७ (२)), समानताको हक (धारा १८), छुवाछूत तथा जातीय भेदभाव विरूद्धको हक (धारा २४), सम्पत्तिको हक (धारा २५), धार्मिक स्वतन्त्रताको हक (धारा २६), स्वच्छ वातावरणको हक (धारा ३०),शिक्षा सम्बन्धी हक (धारा ३१), भाषा तथा संस्कृतिको हक (धारा ३२), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४), स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्यसम्बन्धी हक (धारा ३६),आवासको हक (धारा ३७), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४) रहेका छन्।

यी माथिका अधिकारलाई संविधानको भाग ४ मा व्यवस्थित, 'राज्यका निर्देशक सिद्धान्तहरू, नीतिहरू

43 नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता २०६३,शान्ति समिति, शान्ति सचिवालय, सिंहदरवार, पृ. ५(८।

44 सन २००७ र २००८ मा एक वर्षको भित्र मधेशीहरू दुई पटक सडक आन्दोलनमा गयो। यसलाई पहिलो मधेश आन्दोलन र दोस्रो मधेश आन्दोलन पनि भनिन्छ।

45 पहिलो संविधान सभाले संविधान नै नबनाई चार वर्षपछि सर्वोच्च अदालतको आदेशले बिघटन भयो।

46 यसलाई तेस्रो मधेश आन्दोलन भनिन्छ। यो आन्दोलन २०७२ साल श्रावणमा शुरू भई लगभग लगभग ६ महिनासम्म चलेको थियो।

47 नेपालको अन्तरिम संविधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तरिम संविधान २०६३

र दायित्वहरू' ले झन बृहत र व्यापक बनाई दिएको छ[48]।

यी अधिकारको कार्यान्वयन गर्ने जिम्मेवारी संविधानले राज्यलाई दिएको छ । राज्यले आवश्यक कानूनहरू बनाई उक्त अधिकारको कार्यान्वयन गर्नु पर्नेछ । कार्यान्वयन कसरी हुने भन्ने सम्बन्धमा संविधानको धाराहरू ४६[49] र ४७[50] मा व्यवस्था भएको । यी अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले नेपालका महान्यायाधिवक्ताको संयोजकत्वमा'संविधान कार्यान्वयन सम्बन्धी विधेयक तर्जुमाको सहजीकरण समिति' गठन गरेको छ । यस समितको सदस्यहरूमा कानून आयोगको अध्यक्ष र उपाध्यक्ष, पूर्व कानून सचिव, प्रधानमन्त्री कार्यालयका कानून सचिव,सम्बन्धित मन्त्रालयका सचिवहरू र अन्य विज्ञहरू रहेका छन । कानून तथा न्याय मन्त्रालयका प्रवक्ताका अनुसार ३१ वटा मौलिक हकहरू कार्यान्वयनका लागि तत्काल कानूनहरू निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ । तत्कालै चाहिने कानूनहरूमा आर्थिक रूपले विपन्न, आशक्त र असहाय अवस्थामा रहेका व्यक्तिहरूका लागि, एकल महिला, अपाङगता भएका व्यक्तिहरू, बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने तथा लोपोन्मूख जातका नागरिकहरूलाई सामाजिक सुरक्षा दिनका लागि, घर नभएका दलितको आवासको व्यवस्था गर्नका लागि, अपराध पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नका लागि, प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गर्नका लागि, उपभोक्तालाई गुणस्तरीय सेवा उपलब्ध गराउनका लागि, धर्म परिवर्तनको सम्बन्धमा र प्रजनन स्वास्थ्यसम्बन्धी हकका लागि कानून बनाउनु पर्ने रहेका छन् ।

धारा ४७ ले भाग तीनमा उल्लिखित मौलिक हकहरूको कार्यान्वयन गर्न चाहिने कानूनहरू तीन वर्षभित्र ल्याइसक्नु पर्ने भनी उल्लेख गरेको छ । जसको पहिलो खुडकिलोको रूपमा नेपाल सरकार, नेपालको संविधानको धारा ४७ कार्यान्वयन गर्न र गराउन नेपालको संघीय संसदमा २१ वटा विधेयकहरू पेश गरेको थियो । जस अन्तर्गत पेश भएका २१ वटा विधेयकहरू मध्ये नेपाल सरकार अहिले १६ वटा विद्येयकहरू पास गराउन सफल भएको देखिन्छ र बाँकी विधेयकहरू विभिन्न समितिहरूमा दफावार छलफलको क्रममा रहेका छन ।

के संविधानले अधिकारको सुनिश्चित गर्दैमा नागरिकहरूले अधिकारको सजिलै उपभोग गर्न पाउँछन् ? यसको उत्तर त्यति सजिलो छैन[51]। अधिकारको उपभोग राज्यले कार्यान्वयन गर्नका लागि चालेका कदममा निर्भर हुन्छ, तर हालसम्म राज्यले चालेका कदम र गतिविधिबाट सन्तुष्ट हुने अवस्था देखिदैन [52]।

48 हेर्नुहोस् नेपालको संविधानको धाराहरू ४९, ५०, ५१, ५२ र ५३

49 संवैधानिक उपचारको हक (धारा ४६) : यस भागव्दरा प्रदत हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम सवैधानिक उपचार पाउने हक हुनेछ। सर्वोच्च अदालतको अधिकार क्षेत्र(धारा १३३ (२)) (यस संविधानव्दारा प्रदत मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुने विवाद टुंगो लगाउने असधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। त्यस्तै धारा १४४ ले उच्च अदालतको क्षेत्राधिकारको सम्बन्धमा उल्लेख गरेको छ ।

50 मौलिक हकको कार्यान्वयन: यस भागव्दार प्रदत हकहरूको कार्यान्वयनका लागि आवश्यकाता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन बर्षभित्र कानूनी व्यवस्था गर्नेछ ।

51 Asbjorn Eide, 'Economic, Social and Cultural Rights as Human Rights', in Asbjorn Eide et al. (eds), *Economic, Social and Cultural Rights (* 2nd edn, Kluwer Law International 2001), p. 17.

52 Kalyan Shrestha and Dr Anand Mohan Bhattarai, 'Role of Judiciary in the Enforcement of Economic, Social

धारा ४७ कार्यान्वयन गर्न ल्याएका कानूनहरूको कार्यान्वयनको अवस्था के कस्तो रहने हो भन्ने कुराको सम्बन्धमा जान्न अझै केही दिन कुर्नु पर्ने देखिन्छ जहाँ नेपालको सर्वोच्च अदालतले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान गर्न, संरक्षण गर्न र पूरा गर्न खेलेको भूमिकाको सम्वन्धमा प्रश्न छ त्यसका लागि केही महत्त्वपूर्ण फैसलाहरू अध्ययन र विश्लेषण हुनु आवश्यक देखिन्छ ।

४. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र सर्वोच्च अदालत

नेपालको सर्वोच्च अदालत अभिलेख अदालत हो[53]। यसको आदेश वा निर्णय नेपालको सम्पूर्ण व्यक्तिहरूले पालन गर्नुपर्दछ[54]। नेपालको सर्वोच्च अदालतले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको लागू गर्ने गराउने क्रममा जारी गरेको आदेशलाई मुख्य गरी तीन समूहमा वर्गीकरण गर्न सकिन्छ । पहिलो, न्यायिक पुनरावलोकन गर्ने क्रममा असाधारण अधिकार प्रयोग गरी सम्वन्धित कानून वा सो कानूनका कुनै दफा वा कुनै शब्द संविधानसँग बाझिएको घोषणा गरी लागू भएको मितिदेखि वा फैसला भएको मितिदेखि खारेज हुने भनी आदेश गर्ने गरेको पाइन्छ । दोस्रो, संविधानमा व्यवस्थित मौलिक हकहरूको कार्यान्वयनका लागि संवैधानिक उपचार दिने क्रममा विभिन्न किसिमका निर्देशनात्मक आदेशहरू जारी गर्ने गरेको पाइन्छ । तेस्रो, परमादेश लगायतका अन्य आदेशहरू जारी गर्ने गरेको पाइछ । यी तीनै समूह अन्तर्गत पर्ने आदेशहरू या त सार्वजनिक सरोकारका विवादहरू अन्तर्गत परेका निवेदनका आधारमा जारी भएका आदेशहरू हुन या व्यक्तिको मौलिक हक उल्लंघन भएको भनी परेका निवेदनको आधारमा जारी भएका आदेशहरू हुन । यी आदेशहरू अन्तर्गत सम्वन्धित अधिकारहरू समयमा कार्यान्वयन होस् भन्नका लागि सम्वन्धित विज्ञहरू सामेल भएको समिति गठन गर्ने र गराउने, उक्त समितिले दिएको सुझावहरू अनुसार तोकिएको समयभित्र कानून बनाई लागू गर्ने वा संशोधन गराउने, कानून नबन्दासम्म अन्तरिम कालका लागि कानूनकै रूपमा निर्देशन जारी गर्ने जस्ता आदेशहरू रहेका छन । यसका साथै फैसलाको माध्यमबाट तत्कालीन उपचारका लागि पीडित पक्षलाई क्षतिपूर्ति दिलाउने/भराउने न्यायिक पर्यवेक्षणका लागि अनुगमन समिति गठन गरी सुपरिवेक्षण गर्न लगाउने, म्यादै तोकी कार्यान्वयनको अवस्था जान्नका लागि प्रगति विवरण आफू समक्ष पेश गर्न लगाउने जस्ता आदेशहरू सर्वोच्च अदालतले जारी गरी नागरिकका अधिकार संरक्षण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यी आदेशहरू अन्तर्गत मुख्य गरी यस खण्डमा केही विशेष अधिकारहरू, जस्तै खाद्यको हक, स्वास्थ्यको हक, शिक्षाको हक, स्वच्छ पानी र वातावरणको हक, आवासको हक, सामाजिक न्याय र सामाजिक सुरक्षाको हक र भाषा र साँस्कृतिको हकसँग सम्वन्धित फैसलाहरू पाठकका वर्गको अध्ययनका लागि समावेश गरिएको छ ।

---

and Cultural Rights: Experience from Nepal', in Inke Boerefijn et al. eds., *Human Rights and Conflict*, (Cambridge: Intersentia, 2011). See also International IDEA, *Creating the New Constitution: A Guide for Nepali Citizens* (Stockholm: International IDEA, 2008), p. 100; and International IDEA, *Nepal in Transition: A Study on the State of Democracy* (Stockholm: International IDEA, 2008), p. 73-90; Vincent Calderhead, Enforceability of Economic, Social and Cultural Rights under the Draft Constitution, in Bipin Adhikari (ed.), *Nepal: Design Options for the New Constitution*, (Kathmandu: Nepal Constitution Foundation and Others, 2010), p. 297-305. साथ साथै यसै लेखको खण्ड ५ पनि हेर्नुहोस् ।

53. हेर्नुहोस् नेपालको संविधानको धारा १२८ (२)

54 उही, धारा १२८ (४)

४.१ खाद्यको हक

खाद्यसम्बन्धी अधिकार मानव प्राणीका लागि एउटा अति महत्त्वपूर्ण र नभई नहुने अधिकार हो । यसको अभावमा मानव जीवन असंभव र अकल्पनीय छ । तर, सर्वोच्च अदालतले शुरूका दिनमा यस अधिकारप्रति त्यति संवेदनशीलता देखाउन सकेन । त्यसको उदाहरण हो -माधव बस्नेतको मुद्दा[55]। यस मुद्दामा रिट निवेदकले नेपालको मध्य पश्चिमका केही पहाडी जिल्लाहरूमा[56] खाद्यान्नको अभावमा भोकमरी फैलिएको, खाद्यान्नको अभावमा मानिसहरू पलायन र विस्थापित भइरहेकोले तत्काल खाद्यान्न आपूर्तिको लागि नेपाल सरकारको नाममा परमादेशको आदेश जारी गर्नका लागि रिट निवेदन दर्ता गराएका थिए । सर्वोच्च अदालतले नेपाल सरकारको पक्ष लिँदै नेपाल सरकारले विभिन्न माध्यमबाट खाद्यान्न आपूर्ति गरिरहेको, खाद्यान्नको अभाव नहोस् भन्नका लागि भरपूर प्रयास गरिरहेको, विश्व खाद्य संगठन र अन्य गैरसरकारी संस्थाका माध्यमबाट खाद्यान्नको अभाव नहोस् भन्नका लागि निरन्तर प्रयासरत् रहेको । उक्त क्षेत्रको खाद्य संस्थानहरूमा पर्याप्त खाद्यान्न रहेको भनी परमादेशको आदेश जारी गर्न मानेन । सर्वोच्च अदालतले प्रकाशमणि शर्मा[57]भएको मुद्दामा माथिल्लो फैसलामा गरेको त्रुटिलाई सच्याउदै र खाद्यसम्बन्धी अधिकारको महत्त्वलाई दर्शाउँदै फरक किसिमले फैसला गरेको छ । जुन सराहनीय पनि छ । यस मुद्दामा सर्वोच्च अदालतले उल्लेख के गरेको छ भने 'खाद्यान्न अभाव क्षेत्रमा उपलब्ध गराउने सरकारको कर्तव्य हुँदा भविष्यमा खाद्यान्नको अभाव वा संकटको अवस्था उत्पन्न हुन नदिन समयमै उचित व्यवस्था गर्न र भविष्यमा यस्तो अवस्था आइपरे हवाई वा सतही जुसुकै मार्गद्वारा पनि समयमै खाद्यान्न आपूर्ति र उपलब्ध गराई नागरिकहरूलाई भोकामरीबाट बचाउन आवश्यक व्यवस्था गर्नु, भनी विपक्षीको नाउँमा आदेश जारी गरेको छ । त्यस्तै बज्जुद्दिन मियाँ[58] भएको मुद्दामा रिट निवेदकहरू कोशी टप्पु वन्य जन्तु आरक्ष वरिपरि बसोवास भएका व्यक्तिहरू हुन । उनीहरूले लगाएको बालीनाली आरक्षका जनावरहरूले नष्ट गरिदिने भएकोले उनीहरूको खाद्यको अधिकार उल्लंघन भएकोले उनीहरूलाई भोकमारीबाट बचाउने दायित्व राज्यको हो भनी क्षतिपूर्ति दिनुपर्ने भनी यस मुद्दामा सर्वोच्च अदालतले परमादेशको आदेश जारी गरेको छ । क्षतिपूर्तिको सही आँकलन गर्न एउटा स्थायी समिति गठन गरी समितिले दिएको प्रतिवेदनमा उल्लिखित सुझावको आधारमा क्षतिपूर्ति वितरण गर्नु भनी आदेश दिएको पाइन्छ । यसले नागरिकलाई भोकमरीबाट बचाउने दायित्व राज्यको हो भन्ने कुरालाई पनि स्थापित गरिदिएको छ ।

केही महिनाअगाडि सर्वोच्च अदालतले, खाद्यान्नको अधिकारको सम्वन्धमा, भूपेन्द्रबहादुर समेत[59]भएको रिट निवेदनको माध्यमबाट अर्को महत्त्वपूर्ण फैसला गरेको छ, जुन विधिशास्त्रीय दृष्टिकोणले अति महत्त्वपूर्ण देखिन्छ । यसमा रिट निवेदकको दावी के थियो भने नेपालमा कार्यरत् संयुक्त राष्ट्र संघका

55 रिट नं ३३४१ (२०५५), निर्णय मिति २०५५।६।२७।

56 जुम्ला, मुगु, कालिकोट, डोल्पा, बझा, बाजुरा र दर्चुला

57 प्रकाशमणि शर्मा वि. प्र. मं तथा मं. प. को कार्यालय समेत, रिट नं ०१४९ (२०६५), निर्णय मिति २०६७।२।५।

58 बज्जुदिल मियाँ वि. नेपाल सकार, रिट नं. ०३३८ (२०६४), निर्णय मिति २०६५।११।५२।

59 भूपेन्द्रबहादुर थिङ समेत वि. प्र. म. तथा मं.प. को कार्यालय, निर्णय मिति २०७४ माघ १९ , फैसला गर्ने न्यायधिशहरू: माननीय दीपक कुमार कार्की र माननीय डा. आनन्दमोहन भट्टराई

विशिष्टकृत निकाय विश्व खाद्य संगठन, सेभ द चिल्ड्रेन र नेपाल रेडक्रश सोसाइटी समेत भई नेपालका विभिन्न पहाडी जिल्लाहरूमा वितरण गरिरहेको खाद्यान्न (चामल) नेपाल खाद्यान्न प्रविधि र गुणस्तर मापदण्ड विभागले तोकेको स्तर भन्दा कमसल, सडेगलेका र कुहिएको छ । यस्ता किसिमका गतिविधिबाट नेपाली नागरिकको खाद्यान्नको अधिकार सुरक्षित नभई उल्टो उल्लंघन भइरहेको छ । त्यसैले नेपाल सरकारलाई उक्त गतिविधि तत्काल रोक्न लगाउन र उक्त जिल्लाहरूमा खाद्यान्नको आपूर्ति तत्काल गर्न गराउनका लागि परमादेशको आदेश जारी होस् भनी रिट दर्ता गराएका थिए । उक्त निवेदनको आधारमा सर्वोच्च अदालतले आदेश जारी गरेको छ ।

२०६६ सालमा जाजरकोट जिल्लामा भोकमरी र महामारी फैलिएको बेला र वि. सं. २०७२ मा महाभूकम्प गएको बेला विश्व खाद्य संगठन, सेभ द चिल्ड्रेन र नेपाल रेडक्रश सोसाइटीले निश्चित मापदण्ड भन्दा कमस्तरको कुहिएको चामल वितरण गरेको; गोरखाको लारपाकमा वितरण भएको चामलको सम्बन्धमा नेपाली संचार माध्यमले महत्त्वका साथ उठाएको पाइएको; जब यो विवादले अति गम्भीर रूप लिन थाल्यो । त्यसपछि संसदीय अनुगमन समिति घटनास्थलमा अनुगमनका लागि पुगेको, तर विश्व खाद्य संगठन, सेभ द चिल्ड्रेन र नेपाल रेडक्रश सोसाइटीले चामल भण्डारण गरिएको ठाँउलाई निरीक्षण गर्ने अनुमति दिएन; नेपाल सरकारले समस्यालाई गम्भीरतापूर्वक नलिएकोले यो रिट दर्ता हुन आएको हो । प्रधानमन्त्री कार्यालयको आदेशमा खाद्यान्न प्रविधि र गुणस्तर मापदण्ड विभागले चामलको परीक्षण गर्दा तोकिएको मापदण्डभन्दा कमसल पाइएकोले जमीनमा पुरियो । वाणिज्य र आपूर्ति मन्त्रालयलाई काभेपलाञ्चोकका यस्ता संघसंस्थालाई कारवाही गर्न पत्र पठाइयो । प्रधानमन्त्रीको कार्यालयको प्रतिउत्तर पत्रबाट के थाहा हुन्छ भने चामल कुहिएको, गन्ध आइरहेको खान लायक नभएकोले चामल पुरिएको हो । सर्वोच्च अदालतले अगाडि उल्लेख गरेको छ कि एकातर्फ खाद्यान्नको अभावमा जनताले कष्ट भोगी रहेको छ भने अर्कोतर्फ राष्ट्रिय विपदको वेलामा कुहिएको चामल वितरण भइरहेको कुराले यस अदालतको गम्भीर रूपले ध्यान आकर्षित गरेको छ । यस्ता गतिविधिबाट जनताको खाद्य अधिकार उल्लंघन भएको ठहर्छ, जुन उसको मौलिक हक हो । आफ्नो आदेशमा अदालतले उल्लेख गर्दै भनेको छ कि दातृ निकायबाट वितरण हुने चामलको सम्बन्धमा नेपाल सरकारको धारणा बाहिर आउनु पर्दछ । संयुक्त राष्ट्रसंघ विश्व खाद्य संगठन जस्ता दातृ निकायले भोकमरीलाई शून्यमा झार्न गरेको प्रयासमाथि कुनै प्रश्न चिन्ह खडा गरेको होइन । तर, उनीहरूले सञ्चालन गरेको कर्यक्रम पक्कै पनि सन्तोषजनक छैन । खाद्य वितरण गर्ने चाहे नेपाल सरकार होस् वा यसमा आबद्ध दातृ निकाय, कसैलाई पनि जनताको जीउ ज्यानसँग खेलवाड गर्ने स्वतन्त्रता छैन साथै सम्बन्धित सबै अपराधीलाई कारवाही गर्नु र पीडितलाई क्षतिपूर्ति दिई अबदेखि यस्तो गल्ति नदोहरियोस् भन्ने चेतावनी पनि दिएको छ । एउटा संप्रभु राष्ट्रको नाताले अन्तर्राष्ट्रिय समुदायमा यस सम्बन्धमा कुरा उठाउन र यस्ता गैरजिम्मेवार संगठनको गतिविधिलाई निरूत्साहित गर्न नेपाल सरकारको ध्यान आकर्षित गरेको छ । भोकमरी रोक्न र खाद्य सुरक्षाका लागि देशका प्रत्येक जिल्लाहरूमा खाद्यान्न वितरण भण्डारणको व्यवस्था गर्न, कृषियोग्य भूमिलाई अनुत्पादक भूमिमा परिवर्तन हुनबाट रोक्न र भूमिको उत्पादकत्व बढाउन नीति तथा कार्यक्रम समेत ल्याउन आदेश दिएको छ ।

४.२ स्वास्थ्यको हक

विभिन्न अधिकारहरू मध्ये स्वास्थ्यको अधिकार पनि आधारभूत र अति महत्त्वपूर्ण अधिकार हो । यस अधिकारअन्तर्गत सर्वोच्च अदालतबाट प्रतिपादन भएका केही सिद्धान्तहरू यहाँ उल्लेख गरिएको छ । ज्योति बानिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत[60] भएको मुद्दामा स्वास्थ्य र औषधि(बीचको महत्त्वपूर्ण सम्वन्ध हुन्छ भन्ने कुरालाई उजागर गरेको छ । यस मुद्दामा सर्वोच्च अदालतले, २०६० साउन ८ गते मा तत्कालीन सरकार र नेपाल औषधि व्यवसायी संघवीच भएको भनिएको सम्झौताले औषधि व्यवसायी संघको एकाधिकार सिर्जना गर्छ गर्दैन? उक्त सम्झौता आवश्यक छ छैन? यदि सम्झौताले एकाधिकार प्रदान गर्छ भने त्यसको विकल्प के हुन सक्छ ? अन्तरिम संविधानको धारा १६ ले नागरिकलाई प्रदान गरेको स्वास्थ्यसम्वन्धी मौलिक हकलाई ध्यानमा राखी राय सुझावसहितको प्रतिवेदन पेश गर्न नेपाल मेडिकल काउन्सिलबाट मनोनीत वरिष्ठ चिकित्सकको संयोजकत्वमा आदेशमा उल्लेख भए बमोजिम एक विशेषज्ञ समिति गठन गर्नु, विशेषज्ञ समितिले आफ्नो राय सहितको प्रतिवेदन विपक्षी स्वास्थ्य मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्नु र स्वास्थ्य मन्त्रालयले त्यसको एक प्रति यस अदालतको अनुगमन महाशाखामा उपलब्ध गराउनु, आदेश प्राप्त भएको एक महिनाभित्र विशेषज्ञको समिति गठन गर्नु र समितिले छ महिनाभित्र अध्ययन सम्पन्न गरी प्रतिवेदन बुझाउनु भनी निर्देशनात्मक आदेश र समितिले प्रतिवेदन बुझाएपछि नेपाल सरकारले सो समितिको प्रतिवेदन कार्यान्वयन गर्नु गराउनू भनी परमादेशको आदेश समेत जारी गरेको छ ।

त्यस्तै अर्को मुद्दामा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गर्दै के भनेको छ भने, "नेपाल सरकारले बेला बेलामा उत्पन्न हुने यस प्रकारको epidemic लाई cope गरी विरामीलाई औषधि उपचार गरी ज्यान बचाउन बेलैमा अस्पतालमा पर्याप्त औषधि भण्डारण गर्ने र दरवन्दीअनुसारको डाक्टर नर्स र अन्य स्वास्थ्यकर्मीहरूको पदपूर्ति गरिराख्ने व्यवस्था गर्नुको साथै अवस्था अनुसार आवश्यक परे काठमाडौँबाट विशेषज्ञहरूको टोली पठाउने लगायतका के कस्तो व्यवस्था गर्नु पर्दछ"।[61]

लक्ष्मी खरेल वि. प्र. मं तथा मं. प. को कार्यालय समेत[62] भएको रिटमा अपाङगता र स्वास्थ्य संस्थाबीच रहेको सम्वन्धको वारेमा प्रष्ट पारेको छ । "आउँदो आ. ब. देखि अपाङग महिलाहरूको स्वास्थ्यलाई विशेष ध्यान दिई अपाङगता भएका व्यक्तिहरूका लागि अस्पताल, सार्वजनिक यातायात लगायत सम्पूर्ण सार्वजनिक स्थानमा अपाङ्गहरूको सरल र सहज पहुँच हुन सक्ने गरी नीति, कार्यक्रम बनाई रकम छुट्याई संविधान र महासन्धि क्रमशः लागू गर्नु र बनाइने नीति र कार्यक्रमहरू यस अदालतलाई पनि उपलब्ध गराउनू" भनी स्वास्थ्य तथा जनसंख्या र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ प्रकाशमणी शर्मा समेत[६३] भएको रिटको माध्यमबाट सर्वोच्च अदालतले स्वास्थ्यको अधिकारलाई महत्त्व दिँदै थुनामा रहेकी आमा र बच्चाको स्वास्थ्यको

60 रिट नं ३३१६(०६०), निर्णय २०६४।१२।६

61 अधिवक्ता कमल नियोल विरुद्ध स्वास्थ्य मन्त्रालय समेत, रिट नं. ००६२(२०६६), निर्णय २)६७ .६.२!

62 रिट नं. ०७४८(०६५), निर्णय २०६७।४।१२

63 प्रकाशमणी शर्मा समेत विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, रिट नं. ००२८ र२०६३, निर्णय मिति २०६५।०२२।३।

सम्वन्धमा, थुना वा कैदमा रहेको महिलाको गर्भावस्थामा हेरचाह, बच्चा जन्मिने अवस्थामा स्वास्थ्यको सुरक्षा, बच्चाको पोषण र स्वास्थ्यसम्बन्धी कुराहरूलाई विशेष रूपमा उठाएको र निवेदनसाथ पेश भएको राष्ट्रिय मानव अधिकार आयोगद्वारा विभिन्न समयमा गरिएको कारागार अनुगमनको आधारमा तयार पारिएको प्रतिवेदन, २०६२ को परिच्छेद् ३ मा कारागारहरूको क्षमता भन्दा बढी बन्दी राखिएको, भवन पुरानो भै जीर्ण अवस्थामा रहेको, केही कारागारमा कम्पाउण्डको अभाव रहेको, चिसो भूँईमा सुत्नु पर्ने बाध्यता रहेको, विरामी बन्दीलाई राख्ने छुट्टै ठाउँको अभाव रहेको जस्ता भौतिक पूर्वाधारका सम्बन्धमा विभिन्न तथ्यलाई औल्याइएको अधारमा समेत ती यावत कुराहरूलाई मध्यनजर राखी हाम्रा कारागारहरूमा महिलाहरूको गर्भावास्थाको हेरचाह, बच्चा जन्मिने अवस्थाको स्वास्थ्यको सुरक्षा, बच्चाको पोषण जस्तो स्वास्थ्य सम्बन्धी व्यवस्था अपर्याप्त रहेको भन्ने देखिदा र ती कुराहरू पर्याप्त रुपमा पूरा हुनु पर्ने, गर्भवती महिला बन्दीहरू र स्तनपान गर्ने बच्चाहरूको स्वास्थ्य, पोषण र संरक्षण लगायत उपयुक्त सुबिधाको व्यवस्था मिलाउन नीति तथा कार्यक्रम बनाई लागू गर्नु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।

स्वास्थ्यको हकको बारेमा सर्वोच्च अदालतले माथिका फैसलाहरू बाहेक अन्य मुद्दाहरूमा पनि व्याख्या गरेको पाइन्छ[64]।

४.३. शुद्ध पानी र स्वच्छ वातावरणको अधिकार

नेपालको अन्तरिम संविधान होस् वा नेपालको संविधान होस् कुनै पनि संविधानमा पानीको हकको सम्वन्धमा विशेष व्यवस्था गरेको पाइदैन । तर सर्वोच्च अदालतले आफ्नो फैसलाको माध्यबाट या त शुद्ध पानीको अधिकारको सम्वन्धमा होस् या स्वच्छ वातावारणको अधिकारको सम्वन्धमा होस्, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, विभिन्न फैसलाहरूको माध्यमबाट यस अधिकारलाई स्थापित गर्न खोजेको देखिन्छ । त्यस मध्ये केही यहाँ उल्लेख गरिएको छ । शुद्ध पिउने पानी व्यक्तिको नैसर्गिक अधिकार हो भन्ने सिद्धान्तलाई सर्वोच्च अदालतले प्रकाशमणि शर्माको[६५] रिटको माध्यमबाट स्थापित गरेको छ । यसमा सर्वोच्च अदालतले "नागरिकको बाँच्न पाउने अधिकार र जनस्वास्थ्यका विषयमा गम्भीर भै आर्सेनिक प्रदूषणरहित खानेपानी व्यवस्था गर्ने कार्यमा प्रभावकारिता ल्याउनुको साथै राष्ट्रिय एवं स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नू" भनी फैसला गरेको छ र त्यसको साथै विपक्षी नेपाल सरकार

64 स्वास्थ्यको अधिकारसंग सम्वन्धित अन्य फैसलहरूको लागि हेर्नुहोस् अधिवक्ता सुदर्शन सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रिट नं. ०१८८(०६८), निर्णय मिति २०६९।४।३०स प्रकाशमणी शर्मा समेत विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, रिट नं ०२१८ (०६३) निर्णय मिति २०६९८१२स राजुप्रसाद चापागाई वि. स्वास्थ्य मन्त्रालय, रिट नं. २६२१(२०५९), निर्णय मिति २०६१।७।२०स प्रकाशमणि शर्मा वि. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय समेत, रिट नं. ३८२२(०६२), नि.मि. २०६३।९।३।२स अमृता थापा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, रिट नं. ०१३९(२०६४), निर्णय मिति २०६५।१।४स अधिवक्ता ऋषिराम घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रिट नं ०२८७(२०६३), निर्णय मिति २०६६।१।३०स अधिवक्ता प्रकाशमणि शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरषदको कार्यालय समेते, रिट नं. ०२३०(२०६४), निर्णय मिति २०६५।२।२२स सहदेव गौतम वि. मन्त्रिपरिषदको कार्यालय समेत, रिट नं. १००२ (२०६५), निर्णय मिति २०६७।३।२४स प्रकाशमणि शर्मा वि. नेपाल सरकार, रिट नं. ००२८(०६३), निर्णय मिति २०६५।३।५स लक्ष्मीदेवी धित्ता समेत वि. प्र.मं. तथा मं. प.को कार्यालय समेत, रिट नं. ०७५७ (०६३), निर्णय मिति २०६६।२।६स राजु चापागाई वि. प्र.मं तथा मं.प.को कार्यालय समेत, रिट नं. ०१२ ९(०६३), निर्णय मिति २०६५।६।३०स डिल बहादुर विश्वकर्मा विरुद्द मन्त्रिपरिषद् कार्यालय, रिट नं. ३३०३(२०६१)स निर्णय मिति २०६२।१।१९स उपभोक्ता हीत संरक्षाण मञ्च नेपालको तफर्बाट ज्योति बानिया, रिट ०३८३ (०६८), मिति २०७० पौष १४ गते अन्तरीम आदेश जारीस डा.दिनेश विक्रम शाह, रिट नं. ०५१८र२०६३, निर्णय मिति २०६६।०७।२९।

65 प्रकाशमणि शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदकको कार्यालय समेत, रिट नं. ३२६२ (२०६२, निर्णय मिति २०६४।६।१५

आवास तथा भौतिक योजना मन्त्रालय र सूचना तथा संचार मन्त्रालयका नाममा परमादेशको आदेश जारी गरेको छ। त्यस्तै अर्को मुद्दामा स्वच्छ खानेपानी वितरणका लागि आवश्यक व्यवस्था गर्नका लागि परमादेशको आदेश जारी गरेको छ[66]।

अर्को रिट निवेदनमा खाने पानी लगायत शुद्ध वातावरण उपभोग गर्न पाउने मानिसको नैसर्गिक अधिकार भएको र पोखरावासीहरू शुद्ध खानेपानी उपभोग गर्ने अधिकारबाट बञ्चित हुनुका अतिरिक्त अन्तर्राष्ट्रिय सन्धि सम्झौता र संविधानद्वारा प्रत्याभूत मानव अधिकार एवं मौलिक अधिकार समेतको उल्लंघन भएकोले शुद्ध पानी वितरणसम्बन्धी व्यवस्था मिलाउने सम्बन्धमा निवेदकले उठाएका कुराहरू मानवीय स्वास्थ्यसँग प्रत्यक्ष र अभिन्न रुपमा गाँसिएको गम्भीर र संवेदनशील विषय भएको हुँदा र यस सम्बन्धमा योजनाहरू समेत कार्यान्वयन गर्ने अवस्थामा रहेको भन्ने लिखित जवाफ समेत देखिदा अब त्यस्ता योजनाहरू मानवीय स्वास्थ्यलाई ध्यानमा राखी क्रियाशील रही यथाशीघ्र सम्पन्न गर्ने तर्फ सक्रिय रहनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी भएको छ[67]। अर्को फैसलामा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गर्दै के उल्लेख गरेको के छ भने "प्रदूषणरहित पानी वितरण गर्ने गरेको प्रणालीगत सुनिश्चितता, भरपर्दो संयन्त्रको व्यवस्था गरिएको भन्ने तथ्य पेश गर्न सकेको नदेखिँदा उक्त खानेपानीका मुहानमा ढल मिसिने प्रक्रियालाई नियन्त्रण गरी गुणस्तरयुक्त पानी आपूर्ति गर्न जे जस्तो आवश्यक प्राविधिक एवं वातावरणीय प्रवन्ध गर्नुपर्ने हो सो को यथाशीघ्र कार्यान्वयन गरी शुद्ध स्वच्छ तथा गुणस्तरयुक्त पानीको आपूर्तिको व्यवस्था मिलाउनू"[68]।

शुद्ध पानी र स्वच्छ वातावरणको अधिकारको सम्बन्धमा सर्वोच्च अदालतले माथिका फैसलाहरू बाहेक अन्य मुद्दाहरूमा पनि व्याख्या गरेको पाइन्छ[69]।

४.४. आवासको हक

हाम्रो समाजमा Sex र Gender लाई एउटै हो जस्तो चित्रण गरे पनि वास्तवमा यी दुई शब्दमा भिन्नता छ । मानिसको यौन अङ्ग वा प्रजनन अङ्गबाट छुट्टिने लिङ्गलाई जैविक लिङ्ग (Sex or Biological sex) भनिन्छ भने कुनै व्यक्तिको पुरुषत्वदेखि नारीत्वको अनुभवमा हुने भिन्नतालाई सामाजिक लिङ्ग (Gender) भनिन्छ । जैविक लिङ्ग (Sex) र सामाजिक लिङ्ग (Gender) एउटै होइन । जैविक लिङ्ग मान्छेको शारीरिक गुण हो भने सामाजिक लिङ्ग मानसिक गुण हो । जैविक लिङ्गको निर्धारण यौन अङ्गबाट हुन्छ भने सामाजिक लिङ्गको निर्धारण व्यवहार, हाउभाउ र मानसिकताले निर्धारण हुन्छ । जैविक लिङ्ग chromosome बाट बुझिन्छ भने सामाजिक लिङ्ग दिमागबाट बुझिन्छ ।[४]

कुनै पनि व्यक्ति किशोरावस्थामा पुग्दा उसले अरू व्यक्ति प्रति आकर्षण महसूस गर्छ । यो आकर्षण रोम्यान्टिक, यौनिक, शारीरिक र भावनात्मक हुन्छ । जब मानिस १३/१४ वर्ष माथि हुकँदै जान्छ तब उसको शरीरमा परिवर्तन आउन थाल्छ । यो उमेरमा आकर्षणको दरो अनुभूति पनि शुरु हुन थाल्छ । यिनै सशक्त यौन आकर्षणका अनुभूतिहरूले मानिसलाई शारीरिक सम्बन्ध राख्ने इच्छा पनि जगाउँछ । यसलाई नै यौन अभिमुखीकरण भनिन्छ ।[५] जो व्यक्ति जैविक लिङ्गका आधारमा अल्पसङ्ख्यक छन्, जो व्यक्ति सामाजिक लिङ्गका आधारमा अल्पसङ्ख्यक छन् र जो व्यक्ति यौन अभिमुखीकरणका आधारमा अल्पसङ्ख्यक छन् उनीहरूलाई समूहगत रूपमा "यौनिक तथा लैङ्गिक अल्पसंङ्ख्यक" भनिन्छ ।

४. सामाजिक अवस्था

व्यक्तिको यौन अङ्गअनुसार देखा पर्ने भिन्नतालाई लिङ्ग र लिङ्गको आधारमा समाजले निर्धारण गरेको सामाजिक भूमिकालाई लैङ्गिकता भनी परिभाषित गर्ने गरिएको छ । लैङ्गिक पहिचानको दृष्टिकोणबाट मूलधारको रूपमा रहेका महिला र पुरुषभन्दा अलग तेस्रो लिङ्गी पहिचान भएका व्यक्तिहरू समेत समाजमा अल्पसंङ्ख्यक रूपमा रहेका हुन्छन् । तेस्रो लिङ्गीहरूलाई समाजका कतिपय वर्गले अतिआधुनिकताको विकृत उपज पनि ठान्ने गरेका छन् । तर, यो अतिआधुनिकताको उपज वा विकृति होइन । बरु सबै व्यक्ति विपरीत लिङ्गी नै हुन्छन् भन्ने मान्यता राख्नु लिङ्गवादको विपरीत हो ।

4 https://rukshananewa.wordpress.com/home/lgbti-short/

5 ibid (ऐजन)

विपरीत लिङ्गवाद कटु सत्य होइन, कटु सत्य के हो भने हाम्रो समाजमा विपरीत लिङ्गीको अतिरिक्त महिला समलिङ्गी, पुरुष समलिङ्गी, दुई लिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी पनि हुन्छन् ।

समाजमा तेस्रो लिङ्गीहरूको संख्या उल्लेख्य भए पनि उनीहरू समाजको रुढीवादी सोचको शिकार हुने त्रासले खुल्न सक्तैनन् । नेपालमा ९ लाख भन्ने गरिए पनि २०७४ मंसिर १० र २१ गतेको निर्वाचनमा १६७ जना तेस्रो लिङ्गीहरू आफ्नो पहिचान खुलाएर मतदान प्रक्रियामा सहभागी भएका थिए । कुल मतदाता एक करोड ५४ लाख २७ हजार ९३४ रहेकामा मुलुकभर १६७ तेस्रो लिङ्गी निर्वाचनको मत प्रक्रियामा सहभागी हुनु भनेको पहिचान खुल्न नसकेका कारण देखिएको न्यून संख्या हो । तेस्रो लिंगी खुलाएर नागरिकता लिएको आधारमा आयोगले १६७ जना तेस्रो लिङ्गीको तथ्यांक निकालेको हो । अरु तेस्रो लिङ्गीहरूले नखुलेरै महिला वा पुरुषको पहिचानमा मत हालेको सोझै अनुमान गर्न सकिन्छ । त्यसैगरी केही व्यक्ति तेस्रो लिङ्गीको पहिचान खुलेर नै समानुपातिकतर्फ उम्मेदवार बने पनि तिनीहरूले संसदमा प्रतिनिधित्व गर्न सकेको देखिएको छैन । यसरी हेर्दा राजनीतिको मूलधारबाट पनि तेस्रो लिंगी समुदाय बाहिर रहेको देखिन्छ ।

आज समाजले मात्र होइन कतिपय तेस्रो लिङ्गीहरूलाई त स्वयम् आफ्नै परिवारले समेत सहज रुपमा स्वीकार गर्न नसकेको अवस्था छ । परिवारमा कुनै तेस्रो लिङ्गी सदस्य भयो भने समाजमा आफ्नो समेत मानमर्दन हुने ठानी परिवारका अन्य सदस्यहरूबाट नै त्यस्ता आफ्ना सन्तानलाई तेस्रो लिङ्गीका रुपमा समाजका अगाडि खुल्न नदिने मात्र होइन कि जबर्जस्ती महिला/पुरुषसँग विवाह गर्न बाध्य पारिन्छ । समाज र साथीभाइहरूबाट चाहिँ छक्का, हिँजडा, नपुंसक जस्ता शब्द प्रयोग गरेर तेस्रो लिङ्गी माथि घृणाको वर्षा गरिन्छ । यिनीहरूको संगत गऱ्यो भने आफू पनि त्यस्तै भइन्छ भन्ने मानसिकताबाट ग्रसित भएर कतिपय सभ्य भनाउँदा व्यक्तिहरू समेत तेस्रो लिङ्गीहरूको संगत गर्न चाहँदैनन् । समाजको यस्तो हेराइले गर्दा तेस्रो लिङ्गीहरू सामाजिक गतिविधिको सहभागिताबाट बञ्चित हुनु परिरहेको अवस्था छ ।

५. अन्तर्राष्ट्रिय प्रावधान/सिद्धान्त र प्रयासहरू

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारको प्रश्नमा अहिले विश्वभरि नै व्यापक रुपमा बहसको विस्तार भैरहेको छ । जकार्ता (योग्याकार्ता) सिद्धान्त, २००६ यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकार, तथा बहस र विस्तारमा महत्त्वपूर्ण पाइलो हो । उक्त सिद्धान्तमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको व्यक्तिगत सुरक्षाको अधिकार, आवतजावत स्वतन्त्रता, सांस्कृतिक, सामजिक र पारिवारिक रुपमा सहभागिताको अधिकार, क्षतिपूर्ति तथा जवाफदेहीताको अधिकारलगायतका प्रावधानहरूको व्यवस्था गरिएको छ । यसैगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले लिङ्गका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव नगरी हरेक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित सबै

अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ भनी उल्लेख गरेको छ ।

(क) योग्यकार्ता सिद्धान्त

विश्व मानव अधिकार आन्दोलन र विकासमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को जुन स्थान रहेका छ, LGBTI अधिकारका प्रश्नमा योग्यकार्ता सिद्धान्त (Yogyakara Principles) लाई यो समुदायले त्यही रुपमा लिएको पाइन्छ । सन् २००६ को नोभेम्बरमा इण्डोनेशियाको योग्यकार्तामा जारी भएका योग्यकार्ता सिद्धान्त यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्रयोगसम्बन्धी सिद्धान्तहरूको फेहरिस्त हो । योग्यकार्ता सिद्धान्तले यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको मुद्दालाई लिएर वृहत्तर अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड र तिनको प्रयोगका विषयलाई सम्बोधन गर्दछ । यी सिद्धान्तले बाध्यकारी अन्तर्राष्ट्रिय कानूनी मापदण्डहरू प्रति दृढता जनाउँदछ जसलाई सबै राज्यहरूले पालन गर्नु पर्दछ । संयुक्त राष्ट्र संघले यसको प्रबर्द्धन र कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । यो सिद्धान्तमा यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा हुने मानव अधिकार हनन्का कुराहरू प्रस्तावनामा नै उल्लेख गरी कानूनी संरचनाका कुराहरू उल्लेख गरिएको छ ।[६]

योग्यकार्ता सिद्धान्तका मुलभूत प्रावधानहरू:

- कानूनका सामु मान्यता, गैर-भेदभाव र मानव अधिकारको विश्वव्यापी अधिकारको उपभोग : सिद्धान्त १ देखि ३ सम्म
- मानव तथा व्यक्तिगत सुरक्षाको अधिकार : सिद्धान्त ४ देखि ११
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू : सिद्धान्त १२ देखि १८ सम्म
- अभिव्यक्ति, विचार र संगठनको अधिकार: १९ देखि २१ सम्म
- आवत जावत र शरणको स्वतन्त्रता : सिद्धान्त २२ र २३
- साँस्कृतिक र पारिवारिक जीवनमा सहभागिताको अधिकार : २४ देखि २६ सम्म
- मानव अधिकार रक्षकका अधिकार : सिद्धान्त २७
- क्षतिपूर्ति तथा जवाफदेहिताको अधिकार : सिद्धान्त २८ र २९

(ख) यौनिक तथा लैङ्गिक अल्पसंख्यकका प्रश्नमा विश्व परिदृश्यमा भएका अन्य प्रयासहरू

योग्यकर्ता सिद्धान्तको घोषणा अगाडि र पछाडि विश्व परिदृश्यमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको

6 मानव अधिकार तथा कानूनी शिक्षा तालिम पुस्तिका, ब्लु डाइमण्ड सोसाइटी, पेज १६ र १७

अधिकारका प्रश्नमा थुप्रै कामहरू भएका छन् । त्यस्ता केही प्रयासहरू निम्न छन् :-

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक (LGBTI) का मानव अधिकार व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्र संघको मानव अधिकार आयोग (UN Human Rights Committee) मा सन् १९९४ मा टुनेन विरुद्ध अष्ट्रेलियाको मुद्दामा भएको फैसलाले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

- सन् १९९४ देखि सयुक्त राष्ट्र संघको मानव अधिकार समिति (हाल परिषद्) ले नियमित रुपमा विभिन्न राष्ट्रहरूलाई यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा हुने भेदभावका सम्बन्धमा भएका कानून र नीतिहरू बारे प्रश्न राख्दै आएको छ ।

- महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धी समिति लगायतका अन्य सन्धिजनित अंगहरूले पनि विभिन्न राष्ट्रहरूलाई यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा हुने विभेदलाई लिएर सरकारहरूलाई प्रश्न गर्दै आएका छन् । मानव अधिकार समितिले योङ विरुद्ध अष्ट्रेलिया (Young vs Australia), र एक्स विरुद्ध कोलम्बिया (X vs Colombia) को मुद्दामा यौन अभिमुखीकरणको आधारमा भेदभाव गर्नु नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुवन्धको उल्लंघन हो भन्ने सिद्धान्तलाई समर्थन गर्ने गरी फैसला गरेको छ । यी फैसलाहरूमा समलिङ्गी जोडीहरूलाई पनि विपरीत लिङ्गी जोडी सरह समान अधिकारहरू प्रदान गरिनु पर्दछ भनिएको छ ।

- मानव अधिकार आयोग अन्तर्गत विशेष कार्यविधि जातिवाद र रंगभेदलाई लिएर सन् १९६० को दशकमा नै स्थापना गरिएको थियो । यो कार्यविधिमा गैरन्यायिक, आम र स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधिक्षक (Special Rapporteur) बाट सन् २००१ मा बुझाएको प्रतिवेदनमा पहिलो पटक यौन अल्पसंख्यक सदस्यको गैरन्यायिक हत्यासम्बन्धी जानकारी प्रतिवेदनमा समावेश गरिँदा केही सदस्यहरूले यो विषय समेटेकोमा विरोध गरे र सो कुरा उल्लिखित भाषा हटाउन दवाव दिए । तर त्यही वर्ष जब यस्ता हिंसाहरू तिनका कार्यादेश भित्र आए, तब ६ वटा विषयगत विशेष समाधिक्षकहरूले LGBTI व्यक्तिहरू विरुद्धका मानव अधिकार उल्लंघनसम्बन्धी जानकारी प्राप्त गर्न र त्यसबारे विचार गर्ने चाहना प्रकट गरे र सन् २००२ देखि LGBTI का मुद्दाहरूमा चासो राख्ने अधिकार (Authority) ले निरन्तरता पाई LGBTI अधिकारका लागि संयुक्त राष्ट्रसंघको "राजनीतिक" अंगमा पहिलो पटक यो विषयले स्थान पायो ।

- केही वर्षअघि दिल्लीको हाइकोर्टले 'दुई पुरुष वा दुई महिला यदि आपसी सहमतिमा बन्द

कोठाभित्र यौन सम्बन्ध राख्छन् भने त्यसलाई अपराध मान्नुहुँदैन' भन्ने फैसला गर्दै समलिङ्गी तेस्रोलिङ्गी सेक्स सम्बन्धी कानून परिवर्तन गर्न आदेश दिएको थियो । तर अदालतको यो फैसलालाई चुनौती दिँदै दिल्ली कमिसन फर प्रोटेक्सन अफ चाइल्ड राइट्सले 'समलैङ्गिक सम्बन्ध राख्नु प्रकृतिको खिलाफ छ र यसलाई अपराधको संज्ञा दिनुपर्दछ' भन्ने दाबी गऱ्यो । यसमा निर्णय सुनाउँदै सन् २०१३ मा देल्ली उच्च अदालतले १८६० को कानून अन्तर्गत वयस्क समलिंगी बीच हुने यौन सम्बन्धलाई अपराधीकरण घोषणा गरेको थियो । यसैबीच सवोच्च आदलतमा चलेको बहसमा 'अप्राकृतिक सेक्सको परिभाषा के हो ? र, कसले यसको परिभाषा तय गर्छ ? समलिङ्गी सेक्स स्वाभाविक हो या प्रकृतिको विरुद्ध? भन्ने बहस चल्यो । बहसको अन्त्य गर्दै सन् २०१६ मा सर्वोच्च अदालतले बयस्कहरू बीच हुने समलिंगी यौन सम्बन्धलाई अपराधीकरण गर्ने पुरानो औपनिवेशिक समयको कानूनलाई पुनराबलोकन गर्न आदेश दिएको छ ।[७] भारतीय अपराध संहिताको दफा ३७७ मा रहेको समलिंगी सम्बन्धलाई अपराधीकरण गर्ने कानूनी व्यबस्थालाई सर्वोच्चको यस फैसलाले असंवैधानिक भनी पुनरावलोकन गर्न आदेश दिएको छ र यस फैसला अनुसार अब भारतमा समलिंगी यौन सम्बन्धलाई कानूनी मान्यता प्राप्त भएको छ । यद्यपि भारत नेपाल लगायत थुप्रै देशमा समलिङ्गी विवाह समाजिक रुपमा विवादको विषय बनेको छ ।

- सन् २०१५ मा अमेरिकाको सर्वोच्च अदालतले देशभर समलिङ्गी विवाहलाई कानूनी मान्यता दिएको छ । विश्वका विभिन्न देशहरू जस्तो दक्षिण अफ्रिका, फिजी, पर्चुगल, ईक्वेडर, बोलिभिया लगायत अन्य देशहरूले आ-आफ्नो देशका संविधान, कानूनमा यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा विभेद गर्न नहुने भनी LGBTI का अधिकारहरू सुनिश्चित गरेका छन् ।[८]

६. राष्ट्रिय कानून

अन्तर्राष्ट्रिय रुपमा तेस्रो लिंगीहरूको अधिकारको विषयमा बहस चलेपछि नेपालले पनि कानूनी दस्तावेजहरूमा यो विषयलाई समेट्ने प्रयासको थालनी गरेको छ । नेपालको संविधान (२०७२) को धारा १२ नागरिकता सम्बन्धी व्यवस्थामा वंशजको अधारमा लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउन सक्ने कुरा उल्लेख छ ।[९] संविधानकै मौलिक हक अन्तर्गत पर्ने समानताको हकको धारा १८ (२) मा लिङ्गका आधारमा कसैलाई भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख छ । यसैगरी

7 https://timesofindia.indiatimes.com/india/gay-sex-is-not-a-crime-says-supreme-court-in-historic-judgement/articleshow/65695172.cms

8 मानव अधिकार तथा कानूनी शिक्षा तालिम पुस्तिका, ब्लु डाइमण्ड सोसाइटी, पेज १७ र १८

9 नेपालको संविधान (२०७२) नागरिकताको धारा १२

धारा १८ (३) मा लैंगिक तथा यौनिक अल्पसंख्यकका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख छ । यसैगरी सामाजिक न्यायको हकको धारा ४२ (१) मा यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने कुरा सुनिश्चित गरिएको छ ।[१०] संविधानमा व्यवस्था भएका मौलिक हकहरू अन्य महिला र पुरुषले झैँ यौनिक तथा लैङ्गिक अल्पसंख्यकले समेत विना अवरोध उपभोग गर्न पाउने व्यवस्था छँदैछ ।

राज्यका निर्देशक सिद्धान्तअन्तर्गत धारा ५० (१) मा मानव अधिकारको मूल्य मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता, सामाजिक न्याय राज्यको राजनीतिक उद्देश्य हुने कुरा उल्लेख छ । धारा ५० (२) मा कुनै पनि आधारमा हुने विभेद, शोषण र अन्यायको अन्त्य गर्ने कुरा उल्लेख छ भने राज्यका नीति अन्तर्गतको धारा ५१ (ग) (५) मा समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता र शोषणको अन्त्य गर्ने कुरा उल्लेख छ ।[११]यसरी नेपालको संवैधानिक व्यवस्था हेर्दा अहिले संविधानमा तेस्रो लिङ्गीको पहिचान, समनाता र संलग्नताको व्यवस्था छ । तर, विडम्बना यस सम्बन्धी पर्याप्त कानून अझै बनेको छैनन् । यसैगरी सर्वोच्च अदालतले २०७३ माघ १० गते गरेको परमादेश (070-wo-0287) मा नागरिकतामा लिङ्गको महलमा महिला र पुरुषको सट्टा अन्य जनाई नागरिकता लिन दिन सक्ने र विगतमा महिला वा पुरुष उल्लेख भैसकेका नागरिकतामा समेत संशोधन गर्न सकिने फैसला गरेको छ ।[१२]

तर अदालतको फैसलापछि बनेका पछिल्ला कानून हेर्ने हो भने तेस्रो लिङ्गीका प्रश्नमा कानूनहरू त्यति उदार देखिँदैनन् । मुलुकी अपराधसंहिता, २०७४ मा लिङ्गको आधारमा भेदभाव नगर्ने[१३] र लिङ्गको आधारमा लिङ्ग पहिचान गरी गर्भपतन गराउन नपाउने[१४] व्यवस्था छ । यद्यपि यो संहिताले तेस्रो लिङ्गीका सम्बन्धमा धेरै व्यवस्था गरेको पाइँदैन र उदार पनि देखिँदैन । मुलुकी देवानी संहिता, २०७४ मा प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने र कुनै पनि नागरिकलाई कानूनको संरक्षणबाट बञ्चित नगरिने[१५] लिङ्गको आधारमा भेदभाव गर्न नपाइने[१६] कुराको सुनिश्चितता गरिएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको सशक्तीकरण र विकासका लागि कानूनबमोजिम

10 नेपालको संविधान (२०७२) मौलिक हकको धारा १८ र ४२

11 नेपालको संविधान (२०७२), राज्यका निर्देशक सिद्धान्त र नीतिहरू धारा ५० र ५१

12 मिति २०७३ माघ १० गते गरेको परमादेश (070-wo-0287) फैसला

13 मुलुकी अपराध (संहिता) ऐन, २०७४, दफा १६०

14 मुलुकी अपराध (संहिता) ऐन, २०७४, दफा १८८ को उपदफा ७

15 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा १७

16 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा १८

विशेष व्यवस्था गरिएकोमा भेदभाव गरेको नमानिने[१७] भन्ने कुरालाई प्रष्टसँग राखिएको छ । यस्ता केही सकारात्मक व्यवस्था भए पनि देवानी संहिताको विवाह सम्बन्धी व्यवस्था तेस्रो लिङ्गीको प्रश्नमा त्यति उदार देखिँदैन । यो संहिताले कुनै महिला र पुरुषले गरेको विवाहलाई मात्र विवाह मानेको छ ।[१८] तर सोही संहितामा प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ[१९] भन्ने कुरा उल्लेख हुनुले तेस्रो लिङ्गी बीच विवाह हुने वा नहुने भन्ने सम्बधमा स्पष्ट देखिँदैन । यसैगरी महिला र पुरुष बीच विवाह भएमा मात्र पति पत्नी मानिने[२०] सम्बन्ध विच्छेद भएको महिलाको मृत्यु भएमा सम्पत्ति छोराछोरीले पाउने[२१] (तेस्रो लिङ्गीले नपाउने संभावना रहेको) जस्ता व्यवस्थाहरू मानव अधिकारमैत्री छैनन् । समलिंगी विवाहको प्रश्नमा कानून अनुदार छ । यता कानूनमा समलिंगी विवाह सम्बन्धमा स्पष्ट व्यवस्था नभए पनि डडेल्धुराको परशुराम नगरपालिकाले समलिंगी विवाह दर्ता गरेको भन्ने समाचार प्रकाशित भएको छ । राज्यका निकायहरूमा नै यस्ता विरोधाभाषपूर्ण व्यवहार र कानूनले गर्दा समलिंगी विवाह सम्बन्धमा राज्यका निकायहरू अन्यौलमा नै रहेको देखिन्छ ।[२२]

निलहीरा समाजले निकालेको एक तथ्यांक अनुसार २०६४ सालदेखि हालसम्म १७० जनाले महिला पुरुष बाहेक अन्य समूह खुलाई नागरिकता लिएका छन् । यो अन्य समूह भनेको तेस्रो लिङ्गी समूह हो । गत संविधानसभाको निर्वाचनका लागि संकलन गरिएको मतदाता नामावलीमा १६७ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका नागरिकको नाम मतदाता सूचीमा सूचीकृत गरिएको थियो । [२३] यसरी एकातिर संविधान र राज्यका कतिपय निकायहरूले महिला र पुरुष बाहेक अर्को लिङ्ग पनि छ भनेर स्वीकार गर्ने अर्कातर्फ कानूनहरू निर्माण गर्दा नागरिक भनेका महिला र पुरुष मात्र हुन्छन् भन्ने परिकल्पना गर्नु आफैँमा विरोधाभाष देखिन्छ ।

(क) सर्वोच्च अदालतको २०६४ साल पौष ६ को फैसला

तेस्रो लिङ्गीहरूको प्रश्नमा नेपालको सर्वोच्च अदालतले २०६४ साल पौष ६ गते गरेको फैसलालाई नेपालमा मात्र नभएर विश्वकै समलिङ्गी/तेस्रोलिङ्गीहरूको अधिकारको इतिहासमा कोशेढुंगा मानिन्छ । सो फैसलामा सर्वोच्च अदालतले तेस्रो लिङ्गीहरूलाई आफ्नो पहिचान अनुसार नागरिकता दिनू भनी

17 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा १९
18 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा ६७
19 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा ६९
20 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा ८५
21 मुलुकी देवानी (संहिता) ऐन, २०७४, दफा १०३
22 १५ साउन, २०७४, अन्नपूर्ण पोष्ट
23 ३१ असार , २०७५, नेपाल समाचारपत्र

सरकारका नाममा परमादेश जारी गरेको छ । यसैगरी सर्वोच्चको सो परमादेशमा समलिङ्गीहरूको वैवाहिक सम्बन्धमा मानव अधिकार सम्बन्धी दस्तावेज, विश्वमा विकास भएका यससम्बन्धी नवीन मान्यताहरू, समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने देशहरूको अनुभव र त्यसले समाजमा पार्ने प्रभावका बारेमा अध्ययन गर्न आवश्यक भएकाले एक समिति गठन गरी सोही समितिले दिएको रायसुझावको आधारमा कानूनी व्यवस्था गर्नु भनिएको छ । यसरी अदालतले युगान्तकारी निर्णय गरिसक्दा पनि तेस्रो लिङ्गीहरूले आफ्नो वास्तविक पहिचान अनुसार नागरिकता नपाउनु चाहिँ बिडम्बनापूर्ण नै देखिन्छ । सर्वोच्च अदालतले मिति २०६४ साल पौष ६ गते गरेको आदेश (फैसला) यौनिक तथा लैंगिक अल्पसंख्यकका अधिकारका सम्बन्धमा अति महत्त्वपूर्ण छन् । यसको सारसंक्षेप निम्न रहेको छ :-[२४]

- संविधानमा महिला र पुरुष भन्ने उल्लेख नभई लिङ्ग भन्ने शब्द मात्र उल्लेख भएमा यसले महिला पुरुष लगायत तेस्रो लिङ्गीलाई समेत समेट्न सक्ने ।
- संविधानमा महिला र पुरुष दुई लिङ्ग मात्र उल्लेख हुँदैमा संविधानका मौलिक हकहरू वा अन्य कानूनी हकहरू वा नेपालले हस्ताक्षर गरेको मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि वा मानव अधिकारहरू महिला र पुरुषले मात्र उपभोग गर्न पाउँछन् भन्ने अर्थ गर्न मिल्दैन ।
- महिला र पुरुष वाहेकका तेस्रो प्रकारको लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवम् प्राकृतिक व्यक्ति भएको कारण उनीहरूले पनि आफ्नै पहिचानमा संविधान, कानून र मानव अधिकार सम्बन्धी सन्धि, महासन्धिहरूले दिएका सम्पूर्ण हकहरू उपभोग गर्न पाउनुपर्दछ । त्यस्तो हकको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने र सो अनुसारको कानूनी व्यवस्था गर्ने दायित्व राज्यको हो । फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको कारण ती हकहरू उपभोग गर्न नपाउने वा महिला वा पुरुष भएमात्र ती हकहरू उपभोग गर्न पाउने भन्ने अर्थ गर्न मिल्दैन ।
- LGBTI हरूले आफ्नो पहिचानको अधिकार (Right to have one's own identity) को आधारमा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरू अरु सरह निर्वाध रुपमा उपभोग गर्न पाउनुपर्ने देखिन्छ ।
- वर्तमान सम्पत्तिसम्बन्धी कानून, नागरिकता लगायत व्यक्तिगत पहिचानसम्बन्धी कानून, विवाहसम्बन्धी कानून लगायतका विभिन्न कानूनहरू पुरुष एवम् महिला केन्द्रित (Male

24 संवत् २०६४ सालको रिट नं ९१७, निर्णय नं. ७९५८, ने.का.प. २०६५, अङ्क ४

and Female Sex Specific) रहेका देखिन्छन् । यस्ता कानूनले महिला र पुरुष वाहेक अन्य व्यक्तिको कुनै अस्तित्व नै मानेको देखिदैन । आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई भेदभावकारी कानून मान्नु पर्दछ ।

- संविधानले दिएको स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हो । व्यक्ति भन्नाले प्रत्येक प्राकृतिक व्यक्ति (Natural person) लाई जनाउँछ । LGBTI पनि प्राकृतिक व्यक्ति (Natural person) भएको कारण उनीहरूले समाजमा ती सबै स्वतन्त्रताहरूको उपयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु पर्दछ ।
- स्वतन्त्रता सबै नागरिक, सबै व्यक्तिलाई समानताको आधारमा Right to have one's own Identity को रुपमा प्राप्त हुन्छ । तर भेदभावकारी वा स्वेच्छाचारी कानून बनाउँदैमा भने यस्तो स्वतन्त्रता अपहरण हुन सक्दैन ।
- LGBTI अल्पसंख्यक भए पनि नेपाली नागरिक भएको कारण आफ्नै पहिचानमा ती हकहरू उपभोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । राज्यले बनाउने नीतिहरूबाट आफ्नै पहिचानमा लाभान्वित हुन पाउने उनीहरूको हक हो ।
- कानूनको अगाडि व्यक्तिको रुपमा मान्यता प्राप्त भएपछि अरु कुनै कारणले व्यक्तिका मौलिक मानव अधिकार उपभोगमा संकुचन हुन सक्दैन । स्वतन्त्र सहमतिबाट विवाह गर्ने, परिवार आरम्भ गर्ने, गोपनीयतामा हस्तक्षेप नगरिने, जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव नगरिने भनी उल्लिखित अभिसन्धिले प्रत्याभूत गरेका अधिकारको समानरुपमा उपभोग गर्न पाउने हक LGBTI हरू लाई पनि स्वभाविक रुपमा प्राप्त छ ।
- LGBTI हरूमा अरु स्वभाव सामान्य हुन्छ । केवल sexuality मा मात्र पुरुष या महिला जस्तो विपरीत लिङ्गीप्रति आकर्षित नहुने, पोशाक पहिरन आदि भिन्न खालको लगाउने कारणले मात्र ती व्यक्तिहरू मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु हुँदैन ।
- पुरुष वा महिलाको लिङ्गीय पहिचान (जनेन्द्रीय) भएका कारण यी व्यक्तिहरू महिला वा पुरुष मानिए । यसरी महिला र पुरुष भनी स्पष्ट पहिचान भएका व्यक्तिहरूलाई चाही मौलिक हक उपभोग गर्नमा कुनै बाधा देखिदैन । तर, लैङ्गिक पहिचानका दृष्टिले स्पष्ट रुपमा महिला र पुरुष भनी चिनिएका वाहेकका तेस्रो लिङ्गीहरूलाई चाही मौलिक हक उपभोग गर्नमा बाधा पर्ने खालका संवैधानिक तथा कानूनी व्यवस्था हुनु उपयुक्त हुँदैन ।
- यस्ता व्यक्तिहरूले हाम्रो संविधानको मौलिक हक र नेपालले हस्ताक्षर गरी नेपाल कानून

सरह लागू भएका मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिहरूले दिएको अधिकार आफ्नै पहिचानमा उपयोग गर्न नपाउने कानूनी व्यवस्था छ भने त्यस्तो व्यवस्थालाई स्वेच्छाचारी (Arbitrary), आधारहीन (Unreasonable) र भेदभावयुक्त (Discriminatory) मान्नु पर्ने हुन्छ र त्यस्तो कानून कार्यान्वयन गर्ने राज्यको कार्य पनि Arbitrary, Unreasonable र Discriminatory नै मान्नु पर्दछ ।

- महिला र पुरुष बाहेक अन्य तेस्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा भेदभाव गर्न मिल्दैन । राज्यले महिला र पुरुष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको मौलिक हकहरूबाट वञ्चित गर्न सक्दैन ।

(ख) सर्वोच्च अदालतको २०७३ साल माघ १० गतेको दोस्रो फैसला

तेस्रो लिङ्गीहरूको नागरिकताको प्रश्नमा नेपालको सर्वोच्च अदालतले २०७४ सालमा दोस्रो फैसला गऱ्यो । जसको सारसंक्षेप निम्न बमोजिम छ :-[२५]

- कुनै पनि व्यक्तिले आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको आधार भूत मानव अधिकारको विषय हो । यस्तो अवस्थामा फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले पनि आफ्नो स्वतन्त्र पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हुने ।

- कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नँ निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गतको विषय हो । यसमा अरू व्यक्ति समाज राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नँ सान्दर्भिक हुँदैन । मानिसको स्वतन्त्रता प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट समेत मान्य हुन नसक्ने ।

- संविधान, नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा अन्य जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९ समेतले तेस्रो लिङ्गीको अस्तित्वलाई स्वीकार गरी त्यस्ता समुदायको हक अधिकारप्रति प्रतिबद्धता जनाई सकेको अवस्थामा आफ्नो यौनिक पहिचान नै थाहा नभएको अवस्थामा जैविक अंगको आधारमा प्राप्त गरेको नागरिकता

25 सुनिलबाबु पन्तसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत (ने. का.प. २०७४ अंक ९)

प्रमाणपत्र संशोधन गरी आफ्नो वास्तविक लैङ्गिक पहिचानसहितको नागरिकता प्रमाणपत्रमा संशोधन गर्न मिल्दैन भन्नु लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको अस्तित्व स्वीकार गर्नबाट इन्कार गर्नं समान हुने ।

- लैङ्गिक अल्पसंख्यक समुदायहरू आफ्नो वास्तविक पहिचानभन्दा फरक परिचयपत्रका साथ रहन पर्दा आत्मसम्मानमा चोट पुग्नुका साथै सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याउने हुन्छ । आफ्नो अनुभूतिभन्दा फरक रूपमा आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य जीवन जीउन बाध्य पार्नं यौनिक अल्पसंख्यकहरूको मानव अधिकारको उल्लङ्घनसमेत हुन जाने ।
- कतिपय अवस्थामा आफ्नो लैङ्गिक पहिचान ढिलो गरी मात्र थाहा पाउने र व्यक्त गर्न सक्ने हुँदा यस्तो अवस्थामा पहिले शारीरिक जैविक अंगको आधारमा पाएको नागरिकता प्रमाणपत्रमा संशोधन गर्न पाउने अधिकार कानूनतः सुरक्षित गर्नुपर्ने ।

७. अधिकारको प्रश्न

संयुक्त राष्ट्र संघले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू भनी छुट्टै कुनै विशिष्ट अधिकार हरूको दस्तावेज घोषणा गरेको पाइँदैन । तथापि योग्यकर्ता सिद्धान्तलाई नै यो समुदायको महत्त्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजको रुपमा स्वीकार गरिसकिएको छ । मानव अधिकारको आधारभूत सिद्धान्त, मूल्य मान्यताहरूको विकासक्रम र मानिसका आधारभूत मानव अधिकारको संरक्षण र संबर्द्धन गर्दै जाने अभियानमा समाजमा उपेक्षित, अपहेलित, बहिष्कृत रुपमा रहेका अल्पसंख्यक यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका अधिकारहरू पनि संरक्षण र संबर्द्धन गरिनुपर्दछ भन्ने कुरामा अब कुनै दुविधा रहनु हुँदैन । उनीहरू पनि मानव हुन् र मानिसका सर्वाङ्गिण विकासका लागि स्थापित र विकसित मानव अधिकार यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका हकमा पनि लागू हुन्छ र हुनुपर्दछ भन्ने मान्यताको विकास पछिल्लो समयमा भएको छ । सोही अनुरुप मानव अधिकारको घोषणापत्र, महासन्धि, अभिसन्धि तथा अन्य विकसित दस्तावेजहरूमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको हक अधिकारलाई मान्यता दिँदै उनीहरूलाई पनि समेटेर मानव अधिकारको व्याख्या गर्न थालिएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकारका विषयहरू ज्वलन्त बनेर उठेका हुन् । त्यसैले अब यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू पनि मानव अधिकारकै अवधारणा र प्रयोगमा खोजिनु पर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले मानव परिवारका सबै सदस्यहरूमा अन्तर्रनिहीत मर्यादा तथा सम्मानलाई अहरणीय अधिकारको रुपमा मान्यता दिँदै स्वतन्त्रता र न्याय, शान्तिको आधार भएको कुरा उल्लेख गरको छ । मानव अधिकारहरू विश्वव्यापी, नसैर्गिक, अहरणीय, अन्तरसम्बन्धित तथा स्वतन्त्र हुन्छन् । यसै पृष्ठभूमिमा हर्ने हो भने हरेक

व्यक्तिका आफ्ना यौन अभिमुखीकरण र लैङ्गिक पहिचान हन्छन् । यी पहिचान र अभिमुखीकरणलाई हरेकले सामाजिक कुराको जानकारी हुँदाहुँदै प्रस्तुत गरिरहेका हुन्छन् ।

जब कुनै व्यक्तिका यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान ऊ बसेको समाज तथा उसका संस्कृतिको परम्परागत रुपले स्थापित मूल्य मान्यता र स्तरसँग बेमल हुन्छ तब उक्त व्यक्तिलाई बारम्बार भेदभाव र शोषणको वैधानिक निशाना बनाउने गरेको पाइन्छ । यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका कारणबाट संसारमा लाखौं व्यक्तिहरू कारवाही, जेल सजाय, यातना, हिंसा र भेदभावको सामना गर्नु परिरहेको छ । यस्ता शोषण तथा भेदभावको वेवास्ता र इन्कार गर्ने जस्ता केहीका क्रियाकलापालाई मानव अधिकारको आधारभूत सिद्धान्तको बर्खिलाप भएको भनी बुझ्नुपर्दछ । किनकि, मानव अधिकारको विश्वव्यापी घोषणापत्रले उल्लेख गरेबमोजिम सबै मानिसहलाई यौन अभिमुखीकरण, लैङ्गिक पहिचान र तथा लैङ्गिक प्रस्तुति साथसाथै लिङ्ग, जातजाति, राष्ट्रियता भाषा लगायतका कुनै पनि आधारमा भेदभाव नगरी मानव अधिकारको प्राप्ति तथा हकदार बनाइनु पर्दछ । अतः यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू कुनै छुट्टै विशिष्ट खालको अधिकार नभई मानव अधिकारकै सँगालोभित्र दाबी गरिने अधिकारहरू हुन् ।[२६] त्यसैले उनीहरूलाई पनि समान व्यवहार गर्न सिक्नु पर्दछ र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका अधिकार, समानता र सामाजिक भूमिकामा सुधार एवम् समानता ल्याउन सम्पूर्ण सभ्य मानवहरू ऐक्यबद्ध हुनुपर्दछ ।

पुरुषले पुरुषलाई र महिलाले महिलालाई मन पराएर सेक्स पार्टनरका रूपमा चयन गर्ने चलनलाई सम वा तेस्रोलिङ्गी भनेर बुझ्ने गरिएको छ । समलिङ्गी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायभित्र वा बाहिर कानूनतः सेक्स वा आफूखुशी विवाह गर्न पाउने कानून नेपालमा पनि छैन । नेपालको कानून र समाजले समलिङ्गी सेक्सलाई अप्राकृतिक नभने पनि यसलाई सहज रुपमा स्वीकार गरेको अवस्था छैन । यस्ता कानूनी व्यवस्थाले मानव अधिकारको मूल्य मान्यता र योग्यकार्ता सिद्धान्तको मर्मलाई आत्मसात गर्न नसकेको देखिन्छ । त्यसैले समानताको हक माग गर्दै सर्वोच्चमा परेको रिटको सुनुवाई गर्दै समलिङ्गी समुदायको पक्षमा २१ डिसेम्बर २००७ मा सर्वोच्चले सरकारलाई दिएको आदेशमा 'विभेदविरुद्धको कानूनलाई सकारात्मक बनाऊ र समलिङ्गी विवादबारे अध्ययन गरी प्रतिवेदन बुझाऊ' भनी आदेश दिएको बुझ्न सकिन्छ ।

समाजका हरेक सदस्यले बुझ्नुपर्ने कुरा यो छ कि, प्रकृतिको नियमलाई रोकेर रोकिँदैन । तेस्रालिङ्गी भनेका प्राकृतिका उपज हुन् । प्रकृतिको उपजलाई चुनौती दिनु स्वयम् हामी प्रकृतिका उपजहरूका लागि सुहाउने कुरा पनि होइन । जसरी यौनिक तथा लैङ्गिक रुपमा महिला र पुरुषको एउटै नभएर छुट्टा छुट्टै अस्तित्व छ त्यसैगरी तेस्रो लिङ्गीहरूको पनि छुट्टै यौनिक तथा लैङ्गिक अस्तित्व छ ।

26 मानव अधिकार तथा कानूनी शिक्षा तालिम पुस्तिका, ब्लु डाइमण्ड सोसाइटी, पेज ४२

यो प्रकृतिप्रदत्त अस्तित्वको अधिकारलाई कुनै पनि बहानामा खोसिनु हुन्न । यो वस्तुगत यथार्थ हुँदाहुँदै पनि नेपालमा अझै पनि तेस्रो लिङ्गीहरूको अधिकारको हनन हुन पुगेको छ । उनीहरू हेयपूर्ण व्यवहारका शिकार भएका छन्, यातना, दुर्व्यवहार, यौनहिंसा, बलात्कार, गैरकानूनी थुनाबाट पीडित भएका छन् । सामाजिक गतिविधिमा सहभागिता तथा पैत्रिक सम्पत्तिबाट बञ्चित भएको मात्र होइन स्वयम् अभिभावकको मायाबाट समेत विमुख हुनु परिरहेको छ । शैक्षिक संस्थाहरूले पनि लिङ्ग पहिचान हुने गरी सहज रुपमा स्वीकार नगरेको अवस्था छ । उनीहरूले आफ्नो लिङ्ग खुलाएर शैक्षिक प्रमाणपत्र पाउँदैनन् । रोजगारी पाउनबाट बञ्चित हुनुपर्ने, रोजगारी पाए पनि समान ज्यालाबाट बञ्चित हुनुपर्ने अवस्था छ । अपवाद बाहेक राजनीतिमा पनि तेस्रो लिङ्गीहरूको उल्लेख्य उपलब्धि पाइँदैन । मूलतः तेस्रो लिङ्गीका अधिकांश समस्याहरू समाजको उनीहरूप्रति हेर्ने संकुचित दृष्टिकोण र कानूनी रुपमा उनीहरूको पहिचान अनुसार मान्यता नपाएको कारणबाट सिर्जित देखिन्छन् ।

८. राज्यको दायित्व

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी तथा संवैधानिक दस्तावेजहरूमा केही सकारात्मक व्यवस्था गरिएका भए पनि व्यवहारिक रुपमा चाहिँ समाजमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू आफ्नो अधिकारबाट बञ्चित हुनु परेको स्थिति विद्यमान छ । यो अवस्थामा सुधार ल्याउन कानूनी तथा व्यवहारिक दुवै रुपमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको सुनिश्चितताका लागि आवश्यक व्यवस्था गरिनु पर्दछ । यस समुदायमाथि भैरहेको र हुनसक्ने मानव अधिकारको उल्लंघनको घटनामाथि उचित क्षतिपूर्तिको व्यवस्था गर्न आवश्यक कानूनहरू निर्माण गरिनुपर्दछ । सर्वोच्च अदालतको निर्णय पूर्ण रुपमा कार्यान्वयन नभएको अवस्था देखिँदा यसलाई पूर्ण रुपमा कार्यान्वयन गरिनुपर्दछ । र, सबैभन्दा महत्त्वपूर्ण कुरा समाजको उनीहरू प्रति हेर्ने पक्षपातपूर्ण दृष्टिकोणमा परिवर्तन हुनुपर्दछ र आफ्नो पहिचान खुलाएर मर्यादित रुपमा समाजमा रहन सक्ने वातावरण सिर्जना गरिनुपर्दछ । राज्यका यस्ता थुप्रै दायित्वहरू छन् तर नेपालको कानूनले राज्यको दायित्व स्पष्ट उल्लेख गरेको अवस्था छैन । योग्यकर्ता सिद्धान्तले भने राज्यको दायित्वलाई निम्न बमोजिम उल्लेख गरेको छ :-[२७]

क) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानसँग सम्बन्धित मानव अधिकारको उल्लंघनका घटनाहरूको उत्तरदायित्व सुनिश्चित गर्न अनुगमन संयत्रका साथै न्यायोचित, सुलभ र प्रभावकारी फौजदारी, नागरिक, प्रशासनिक तथा अन्य प्रक्रियाहरू स्थापना गर्नेछ ।

(ख) वास्तविक वा ग्रहण गरिएको यौन अभिमुखीकरणका आधारमा पीडितलाई लगाइएका सम्पूर्ण आपराधिक आरोपको शीघ्रातीशीघ्र र गहनताका साथ अनुसन्धान गरी प्रमाणहरू

27 जकार्ता सिद्धान्तको सिद्धान्त २९

फेला परेको हदसम्म कानून बमोजिम त्यस्ता जिम्मेवार व्यक्तिलाई मुद्दा चलाइएको र कारवाही गरिएको कुरा सुनिश्चित गर्नेछ ।

(ग) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानको आधारमा हुने भेदभावको अन्त्य सुनिश्चित गर्नका लागि कानून र नीति निर्माण र कार्यान्वयनको अनुगमन गर्ने स्वतन्त्र एवम् प्रभावकारी संस्था तथा प्रक्रियाहरूको स्थापना गर्नेछ ।

(घ) यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा भएको मानव अधिकार उल्लघंनका घटनाप्रति कुनै पनि व्यक्तिलाई जिम्मवेार तुल्याउन, वाधा पुऱ्याउने कुनै पनि वाधा अड्काउलाई हटाउनेछ ।

९. निष्कर्ष

वर्षौदेखि महिला र पुरुषमा आधारित विभेदकारी सामाजिक संरचनाको कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय घर, परिवार, समाज र राज्यद्वारा विभेदको शिकार हुनु परेको अवस्था छ । फरकखालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि विभिन्न प्रकारका अमानवीय व्यवहार, हत्या, हिंसा, बलात्कार जस्ता घटनाहरू दिन प्रतिदिन हुँदै आइरहेका छन् । आफ्नो लैङ्गिक पहिचान अनुसारको नागरिकता नभएको कारण तेस्रो लिङ्गीहरूलाई विभिन्न प्रकारको आरोप लगाई थुन्ने, शारीरिक तथा मानसिक यातना दिने, विभिन्न कार्यालयहरूमा प्रवेश गर्न नदिने जस्ता व्यवहार हुँदै आएका छन् ।

सर्वोच्च अदालतको तेस्रो लिङ्गी समुदायलाई आफ्नो पहिचान अनुसारको नागरिकता दिनु भनी गरेको निर्देशनात्मक आदेश पश्चात् पनि तेस्रो लिङ्गीलाई आफ्नो पहिचान अनुसारको नागरिकता दिलाउने कुरामा सरकारले सहज वातावरण बनाउन सकेको छैन । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अल्पसंख्यक भित्रको पनि अति सीमान्तकृत समुदाय भएका कारण यस समुदायका हक अधिकारलाई थप सुनिश्चित गर्नुपर्दछ । अन्य अल्पसंख्यक जस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई विशेष आरक्षण, कोटा र विशेष अधिकारसहित उनीहरूको मानव अधिकार सुनिश्चित गर्नुपर्दछ । सरकारका नीति निर्माण तथा कार्यक्रमहरूमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको प्रतिनिधित्व गराई राज्यका हरेक निकायमा यो समुदायलाई समान सहभागिता गराइनु पर्दछ ।

नेपालमा समलिङ्गी विवाहसम्बन्धी कानून छैन । त्यसैले अधिकांश समलिङ्गी विवाह गरेकाहरू लुकी छिपी बस्न बाध्य छन् । 'सेक्स पार्टनरका रूपमा सँगै बस्दै आएका महिला र महिला वा पुरुष र पुरुष साथीलाई नेपालको कानूनले विवाह गर्ने स्पष्ट स्वीकृति दिएको छैन, तर अहिले समलिङ्गी विवाहहरू भने भै नै रहेका छन् । करीब एक सय जति जोडीले औपचारिक र अनौपचारिक विवाह गरिसकेका

भन्ने कुरा तेस्रो लिङ्गी अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरूले बताइरहेका छन् ।

दक्षिण अफ्रिका, फिजी, फ्रान्स, अमेरिकालगायत ११/१२ राष्ट्रले समलिङ्गी तेस्रोलिङ्गीलाई पूर्ण मान्यता दिइसकेका छन् । दक्षिण एशियामा नेपालले मात्र समलिङ्गी तेस्रोलिङ्गीलाई मान्यता दिएको छ । तर समलिङ्गी सम्बन्धलाई लिएर प्रहरी छापा र केरकार भने भैरहेको छ । उनीहरूका मुख्य समस्या भनेको नागरिकताको समस्या, प्रमाणपत्रको समस्या, शौचालय प्रयोगको समस्या, आत्मसम्मानको समस्या, समाजमा खुल्ने वातावरणको समस्या, ईच्छाविपरीत परिवारले बलजफ्ती विवाह गरिदिने समस्या प्रमुख छन् । यी समस्या सम्बोधन गर्न सकिने समस्या भएकाले राज्यले थोरै ईच्छा शक्ति देखाउनुपर्दछ ।

नेपालमा समलिङ्गी तेस्रो लिङ्गीका प्रश्नमा पछिल्लो समय केही थप ज्वलन्त बहसहरू पनि चलेका छन् । तेस्रो लिङ्गी भन्नु कति ठीक कति वेठीक हो ? के लिङ्ग पनि पहिलो, दोस्रो, तेस्रो, चौथो वा अन्य भन्ने हुन्छ ? पारलिङ्गी भने के हुन्छ ? के संविधानमा भएका व्यवस्थाहरू जस्तैः- नागरिकता, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, समावेशी आयोग सम्बन्धी व्यवस्था र कानूनमा भएका व्यवस्थाहरू पर्याप्त छन् छैनन् ? समलिङ्गी विवाहलाई कानूनी मान्यता दिँदा के फरक पर्दछ ? यौनिक तथा लैङ्गिक अल्पसंख्यकका बारेमा संविधानमा केही व्यवस्था भए पनि सो बमोजिम कानूनहरू किन बनिरहेका छैनन् ? किन भन्ने बहसहरू चलेका छन् । यी बहसहरूलाई निक्यौंलमा पुऱ्याउनु पनि त्यत्तिकै आवश्यक छ ।

राज्यबाट प्राप्त हुने कुनै पनि सुविधा सहुलियत तथा मानव अधिकारबाट वञ्चित यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई राज्यका हरेक निकायमा समान अवसर उपलब्ध गराएर सम्मानपूर्ण जीवन जिउन पाउने वातावरण सिर्जना गर्नु व्यक्ति, परिवार, समाज तथा राष्ट्रको कर्तव्य हो । अधिकारको पूर्ण पत्याभूति हुन नसके पनि पछिल्लो समय यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मुद्दा विभिन्न वाधा अड्चन पार गरी सडकदेखि सदनसम्म पुग्न सफल भएको छ । यो खुसीको कुरा हो । आसा गरौँ, एक दिन उनीहरूका सबै अधिकारको प्रत्याभूति हुनेछ ।

१०. अबको बाटो

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गरी उनीहरूले मर्यादित जीवन यापन गर्ने वातावरण निर्माण गर्न राज्य, सरकार, नागरिक समाज, अधिकारकर्मी तथा संघसंस्थाहरूले निम्बबमोजिम कदम चाल्नुपर्दछ :-

- हरेक व्यक्तिका आआफ्नै यौन अभिमुखीकरण र लैङ्गिक पहिचान हुने हुँदा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको छुट्टै अस्तित्व (स्वपहिचान) लाई स्वीकार गर्नुपर्दछ ।

- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई विकृत मानसिकताको उपज भन्ने संकुचित बुझाइलाई पूर्ण रुपमा परिवर्तन गरी यो प्राकृतिक कुरा हो भन्ने कुरालाई समाजले सहज रुपमा स्वीकार गर्नुपर्दछ ।
- विपरीत लिङ्गवाद कटु सत्य होइन, कटु सत्य त समाजमा विपरीत लिङ्गीको अतिरिक्त महिला समलिङ्गी, पुरुष समलिङ्गी, दुई लिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी पनि हुन्छन् भन्ने कुरास्थापित हुनुपर्दछ ।
- राजनीतिमा मात्र नभएर सामाजिक जीवनका हरेक गतिविधिमा यौनिक तथा लैङ्गिक अल्पसंखयक समुदायको सहभागिता सुनिश्चित गरिनुपर्दछ ।
- मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित सबै अधिकार तथा योग्यकनर्ता सिद्धान्तले उल्लेख गरेका राज्यका दायित्वहरूलाई राज्यले अक्षरश पालना गर्नुपर्दछ ।
- नेपालको संविधान (२०७२) मा उल्लेख भएबमोजिम वंशजको अधारमा लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउने, लिङ्गका आधारमा कसैलाई भेदभाव नगरिने, लैंगिक तथा यौनिक अल्पसंख्यकका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने, यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने जस्ता व्यवस्थाहरू व्यवहारमै कार्यान्वयन हुनु आवश्यक छ ।
- मुलुकी अपराधसंहिता, २०७४ मा उल्लेख भएका लिङ्गको आधारमा भेदभाव गर्न नपाइने, लिङ्ग पहिचान गरी गर्भपतन गराउन नपाउने व्यवस्थाको कार्यान्वयन हुनु आवश्यक छ ।
- मुलुकी देवानी संहिता, २०७४ मा उल्लेख गरिएका प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने, कुनै पनि नागरिकलाई कानूनको संरक्षणबाट बञ्चित नगरिने, लिङ्गको आधारमा भेदभाव गर्न नपाइने, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको सशक्तीकरण र विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिएकोमा भेदभाव गरेको नमानिने जस्ता कानूनी व्यवस्थाको व्यवहारिक कार्यान्वयन हुनुपर्दछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारको प्रश्नमा सर्वोच्च अदालतले समय समयमा गरेका सबै फैसलाको कार्यान्वयन हुनुपर्दछ ।
- समलिंगी विवाहलाई मान्यता दिनुका साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र जकार्ता सिद्धान्तले उल्लेख गरेका अधिकारहरूको प्रत्याभूति हुने गरी राज्यले थप कानूनहरू निर्माण गरिनु पर्दछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू कुनै छुट्टै विशिष्ट खालको अधिकार नभई मानव अधिकारकै सँगालोभित्र दाबी गरिने अधिकारहरू भएको हुँदा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरू पनि मानव अधिकारकै अवधारणा र प्रयोगमा खोजिनु पर्दछ

भन्ने कुरालाई आत्मसात गर्नुपर्दछ ।

- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि हुने हेयपूर्ण व्यवहार, यातना, दुर्व्यवहार, यौनहिंसा, बलात्कार, गैरकानूनी थुना, सामाजिक गतिविधिबाट बञ्जित, पैत्रिक सम्पत्तिबाट बञ्चित, अभिभावकको मायाबाट विमुख, आफ्नो लिङ्ग खुलाएर शैक्षिक प्रमाणपत्र नपाउनु, रोजगारी पाउनबाट बञ्चित हुनुपर्ने, रोजगारी पाए पनि समान ज्यालाबाट बञ्चित हुनुपर्ने, नागरिकताको समस्या, प्रमाणपत्रको समस्या, शौचालय प्रयोगको समस्या, आत्मसम्मानको समस्या, समाजमा खुल्ने वातावरणको समस्या, इच्छाविपरीत परिवारले बलजफ्ती विवाह गरिदिने समस्याबाट यो समुदायलाई मुक्त गर्नुपर्दछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अल्पसंख्यक भित्रको पनि अति सीमान्तकृत समुदाय भएका कारण यस समुदायका हक अधिकारलाई थप सुनिश्चित गर्दै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई विशेष आरक्षण कोटा र विशेष अधिकार सहित उनीहरूको मानव अधिकार सुनिश्चित गर्नुपर्दछ ।
- नेपाल सरकार, राष्ट्रिय मानव अधिकार अयोग, राष्ट्रिय समावेशी आयोगहरूले आफ्ना कार्यक्रमहरू बनाउँदा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय लक्षित कार्यक्रमहरू निर्माण गर्नुपर्दछ ।
- नागरिक समाजले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकारको बहसलाई अझ तीव्र पार्नुपर्दछ ।

लेखकहरूसँग अनुरोध

१. संवाहकका लागि लेख पठाउँदा नेपाली भाषामा प्रीति र अंग्रेजीमा Times New Romen वा Calibri फन्टमा टाइप भए हामीलाई सुविधा हुने थियो ।
२.लेखसँग बढीमा १०/१२ हरफमा त्यसको सार संक्षेप पनि हुनु पर्नेछ ।
३.लेख मानव अधिकारका कुनै पनि पक्षसँग सम्बन्धित हुनुपर्नेछ ।
४.लेख कम्तीमा पाँच हजार शब्दको हुनुपर्नेछ ।
५.लेख नेपाली वा अंग्रेजी भाषामा अनुसन्धानमूलक रुपमा लेखिएको हुनुपर्नेछ ।
६.संवाहकका लेखकलाई हामी प्राज्ञिक अनुसन्धानको प्रयोजनको लागि सूचीकृत गर्दछौं ।
७.लेख मौलिक हुनुपर्नेछ ।
८.लेखकको फोटोको साथै आफ्नो - (क) शैक्षिक योग्यता, (ख) हाल कार्यरत् क्षेत्र (संक्षिप्तमा), (ग) विशेष अनुभव, (घ) इमेल र (ङ) फोन नं. पनि पठाउनु हुन अनुरोध गर्दछौं । तर, लेखकले यीमध्ये कुनै कुरा प्रकाशित गर्न नरुचाउनु भएमा त्यसलाई खाली छाडिदिनु भए पनि हुनेछ ।
९.लेख पठाउने ठेगाना निम्नानुसार छ :-

इमेल मार्फत: sambahak@nhrcnepal.org
फ्याक्स मार्फत: ९७७-१-५५४७९७३,
हुलाक मार्फत: पो.ब.न. ९१८२, काठमाडौं, नेपाल
कार्यालय: राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर, नेपाल

आयोगका केही नयाँ प्रकाशनहरू

१. वार्षिक प्रतिवेदन, आ. व. २०७०/७१, २०७१/७२, २०७२/७३, २०७३/७४

२. विद्यालय शिक्षकहरूका लागि मानव अधिकार स्रोत पुस्तिका, २०७१

३. रणनीतिक योजना (२०१५-२०२०), २०७१, दोस्रो संस्करण २०७३, तेस्रो संस्करण २०७४

४. राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७१

५. भूकम्प (२०७२) प्रारम्भिक अनुगमन प्रतिवेदन, २०७२

६. नेपालको संविधान घोषणाअघि र पछि भएका आन्दोलनको क्रममा मानव अधिकारको अवस्था अनुगमन प्रतिवेदन, २०७२

७. राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७२, दोस्रो संस्करण २०७४, तेस्रो संस्करण २०७४

८. संवाहक, अङ्क-१, २०७२, अङ्क-२, २०७३, अङ्क-३, २०७३, अङ्क-४, २०७४, अङ्क-५, २०७४, अङ्क-६, २०७४, अङ्क-७, २०७४, अङ्क-८, २०७५

९. भूकम्प र मानव अधिकार, २०७३

१०. Human Rights Situation during the Agitation before and After

११. Promulgation of the Constitution of Nepal, Monitoring Report 2015

१२. राष्ट्रिय मानव अधिकार आयोगबाट भएका केही महत्वपूर्ण निर्णयहरू, २०७३

१३. Preliminary report on monitoring on Earthquake Report, 2072

१४. The NHRI Nepal joint submission for the second universal periodic review of Nepal, 2072

१५. Trafficking in Persons National Report 2013-15, 2072

१६. Selected Decision of The NHRC, Nepal vol. 1

१७. मानव अधिकार सम्वन्धी महत्वपुर्ण निर्णयहरु बर्ष १ अंक २

१८. Annual Progress Report 2072-73

१९. भूकम्प प्रभावितहरुको मानव अधिकारको अवस्था बारेमा तेस्रो अनुगमन प्रतिवेदन २०७४

२०. Trafficking in Persons National Report 2015/16

२१. आयोगका केही सिफारिश कार्यान्वयन र पीडितको अवस्था अध्ययन प्रतिवेदन खण्ड १ (२०७३) खण्ड २ (२०७५)

२२.भूकम्प प्रभावितहरूको अनुगमन प्रतिवेदन, २०७४

२३.निर्वाचन अनुगमन भाग -१ (२०७४) भाग-२ (२०७५)

२४.मानव अधिकार पत्र अङ्क- १-५ (२०७४/०७५) आ.व. २०७४/०७५ अङ्क १-३

२५.Trafficking in Persons Especially on Women and Children in Nepal, National Report

२६.स्वर्गीय दयाराम परियार स्मारिका

२७.कारागारसम्बन्धी प्रतिवेदन २०७४

२८.मानव अधिकारसम्बन्धी जान्नै पर्ने कुरा (नेपाली भाषा, मैथिली भाषा, भोजपुरी भाषा, थारु भाषा, तामाङ्ग भाषा, नेपाल/नेवारी भाषा),

२९.मुलुक, प्रदेश र जिल्लाका मानव अधिकारका पाँच प्रमुख विषयः अध्ययन, प्रतिवेदन, २०७५

३०.छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव एक अध्ययनः २०७५

३१.नेपालमा अपाङ्गहरूका मानव अधिकारका अवस्था प्रादेशिक तथा राष्ट्रिय सम्मेलन प्रतिवेदन सहित

३२.प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ अनुगमन प्रतिवेदन

३३. Monitoring Report of the House of Representative and State Assembly Election, 2017

३४. सप्तरी जिल्लाको मलेठमा २०७३।११।२३ मा भएको घटनाको छानविन प्रतिवेदन

३५. मानव अधिकार रक्षकहरुको दोस्रो राष्ट्रिय सम्मेलनको प्रतिवेदन

३६.किसानको अधिकार कानुन पुनरावलोकन, अध्ययन प्रतिवेदन, असार २०७५

३७.Report of International Confernce on Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity & ealizing Human Rights in South Asia

३८.Trafficking in Persons in Nepal, National Report, September 2018

३९. विवाद समाधानमा स्थानीय तह (मानव अधिकार अभ्यास पुस्तिका)

४०. नेपालका वृद्धाश्रम/जेष्ठ नागरिक हेरचाह केन्द्रको अध्ययन प्रतिवेदन

४१. राष्ट्रिय मानव अधिकार आयोगसँग सम्बन्धित संवैधानिक व्यवस्था र कानुन

४२. मानव अधिकार सम्बन्धी महत्वपुर्ण निर्णयहरु

४३. महासन्धी नं १६९ कार्यान्वयन अवस्था

४३. Monitoring Synopsos of the Senior Citizen's Care Centers-2019

मानव अधिकार चिन्तक तथा लेखक समूहमा अहिलेसम्म आवद्ध संवाहकका लेखकहरू

अङ्क-१

(१) राजुप्रसाद चापागाई (+अङ्क-४)

(२) विष्णुप्रसाद तिमिल्सेना (+अङ्क-५)

(३) बिनोदकुमार वि.क. (+अङ्क- ४)

(४) डा. शङ्करकुमार श्रेष्ठ

(५) ओमप्रकाश अर्याल (+अङ्क-७)

(६) डा. हरिहर वस्ती

(७) डा. रंजीतभक्त प्रधानाङ्ग

(८) डा. श्रीप्रकाश उप्रेती (+अङ्क-७)

(९) डा. लोकनाथ भुषाल

(१०) विशाल खनाल

(११) माधव रेग्मी (+अङ्क-३)

(१२) पुष्पा पोखरेल (+अङ्क-४)

(१३) जायश्वर चापागाइ

(१४) मोहना अन्सारी

अङ्क-२

(१५) ललितबहादुर बस्नेत

(१६) तेजमान श्रेष्ठ (+अङ्क-६)

(१७) माधवकुमार बस्नेत

(१८) सूर्यबहादुर देउजा

(१९) महेश शर्मा पौडेल (+अङ्क- ३, ५ र ८)

(२०) डा. गोविन्द सुवेदी

(२१) टेकनारायण कुंवर (+अङ्क-५)

(२२) सलिना काफ्ले (+अङ्क-६)

(२३) उदयन रेग्मी

(२४) डा. चन्द्रकान्त ज्ञवाली (+अङ्क-४)

(२५) सोम लुइंटेल (+अङ्क- ७)

(२६) लोकेन्द्र पनेरु (+ अंङ्क ८)

अङ्क-३

(२७) मोहन बन्जाडे

(२८) संजीवराज रेग्मी (+ अंङ्क ८)

(२९) गोविन्द शर्मा वन्दी

(३०) कृष्णजीवी घिमिरे (+अङ्क- ७)

(३१) श्रीराम अधिकारी

(३२) डा. टीकाराम पोखरेल (+अङ्क-११)

(३३) डा. अश्वस्थामा खरेल (+अङ्क- ६)

(३४) शोभाकर बुढाथोकी (+अङ्क-११)

(३५) रेवतीराज त्रिपाठी (+अङ्क-९)

(३६) नवराज थपलिया

(३७) करुणा पराजुली

(३८) रामकान्त तिवारी (+अङ्क- ६)

अङ्क-४

(३९) सुदर्शन रेग्मी

(४०) मनिष प्रसाइ

(४१) कैलाशकुमार शिवाकोटी (+ अङ्क ८)

(४२) डा. महेन्द्रजंग शाह

(४३) शारदा तिमिल्सेना

(४४) शिवप्रसाद पौडेल

(४५) नीतु पोखरेल

(४६) सोम निरौला

अङ्क-५

(४७) राष्ट्रिय जेष्ठ नागरिक महासंघ

(४८) लिप्तबहादुर थापा

(४९) भक्त विश्वकर्मा

(५०) ऋषिकेश वाग्ले (+अङ्क-९)

(५१) डा. हरिवंश त्रिपाठी

अङ्क-६

(५२) डा. नारायणप्रसाद घिमिरे

(५३) कोषराज न्यौपाने

(५४) वीरबहादुर बुढा मगर

(५५) श्यामबाबु काफ्ले (+अङ्क-७)

(५६) बुद्धिनारायण श्रेष्ठ

(५७) घनश्याम खड्का (+अङ्क-११)

(५८) सूर्यप्रसाद पराजुली (+अङ्क-९)

अङ्क-७

(५९) बेद भट्टराई

अङ्क-८

(६०) प्रा.डा. श्रीरामप्रसाद उपाध्याय

(६१) नवराज सापकोटा (+अङ्क-११)

अङ्क-९

(६२) बसन्त अधिकारी

(६३) इन्दु तुलाधर

(६४) शिवप्रसाद पौडेल

(६५) टेक ताम्राकार

अङ्क-१०

जेष्ठ नागरिक विषेषाङ्क-२०७५ (रा.मा.अ.आ)

अङ्क-११

(६५) बलराम राउत

(६६) केशवप्रसाद चौलागाईं

(६७) अर्जुन विश्वकर्मा

यस अङ्कका योगदानकर्ताहरू

१. शैक्षिक योग्यता २. हाल कार्यरत संस्था/सेवा/ क्षेत्र ३. विशेष अनुभव ४. ई-मेल ५. फोन नं.

Ghanshyam Khadka

1. LL.M.-International and European Human Rights Law, Univer-sity of Leeds, UK
2. Kantipur Publications
3 Transitional Justice and Journalism
4. ghanashyam.khadka@gmail.com
5. 9851137707

बलराम राउत

१. स्नातकोत्तर कानून शास्त्र
२. उप-प्राध्यापक, नेपाल ल क्याम्पस
३. अध्यापन
४.
५. ९५११४४६९६

Shovakar Budhathoki

1. M.A.Peace and Justics Studies, University of San Diego,U S
2. Peace and Jusce Promotion Center(PEJUP) and justic and Security Network
3. Human rights Advocate and Conflict Resolution and Security specialist
4. peace.sb@gmail.com
5. 9851053922

केशव चौलागाई

१. स्नातक- राजनीतिशास्त्र
२. अन्तरधार्मिक परिषद
३. धर्म तथा आध्यात्मिक क्षेत्रमा योगदान
४. interreligious@gmail.com
५. ९८५१०२४७७२

Nava Raj Sapkota

1. Masters in Social Science
2. Director at National Human Rights Commission, Nepal
3. Research and Human Rights
4 navaraj.sapkota@nhrcnepal.org
5. 9851198165

डा. टीकाराम पोखरेल

१. विद्यावारिधि, नेपाली, स्नातकोत्तर, राजनीति शास्त्र
२. निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग
३. खोज, अनुसन्धान, पुस्तक लेखन स्मारिका तथा प्रतिवेदनहरू सम्पादन
४.tikaram.pokharel@nhrcnepal.org
५. ९८५११०४४३३

Arjun Bishokarma

1. M.A in Social Science
2. UNDP, Nepal
3. Research in Human Rights
4. arjaun.bishokarma@nhrcnepal.org
5. 9841377576

संवाहकको अर्को अङ्क

भदौ, २०७६

Next Issue of Sambahak

August, 2019

राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, ललितपुर, नेपाल

पो.ब.नं. : ९१८२, काठमाडौं, नेपाल

फोन : ०१-५०१००१५, हटलाइन : ५०१००००

National Human Rights Commission, Nepal

Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

P.O. Box: 9182, Kathmandu, Nepal

Phone: 01-5010015, Hotline: 5010000